# स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सिंहदरवार, काठमाडौं**

# स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९


परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ
२. परिभाषा
३. कार्यविधिको उद्देश्य
४. कार्यविधिको कार्यक्षेत्र

परिच्छेद - २

अनुदानको किसिम र रकम विनियोजनका क्षेत्रहरू

५. अनुदानको किसिम
६. चालू खर्च
७. पूँजिगत अनुदान बाँडफाँडका आधार
८. पूँजिगत खर्च
९. समपूरक कोषसम्बन्धी व्यवस्था
१०. लक्षित समूह विकास कार्यक्रम
११. आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास
१२. प्रवर्द्धनात्मक क्षेत्र
१३ . खर्च गर्न निषेध गरिएका विषयहरू
१४. योजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी व्यवस्था

परिच्छेद -३

योजना तर्जुमा एवम् आयोजना छनौट

१५. गाउँ विकास समिति एकीकृत योजना तर्जुमा समिति
१६. नगरपालिका एकीकृत योजना तर्जुमा समिति
१७. एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार
१८. जिल्ला स्रोत अनुमान समिति
१९. कार्यक्रम वा आयोजनाको प्राथमिकताक्रम निर्धारण
२०. योजना तर्जुमा
२१. अन्तर निकाय समन्वय
२२. सम्भाव्यता अध्ययन

## परिच्छेद - ४

## कार्यक्रम वा आयोजना सञ्चालन एवम् व्यवस्थापन


२३. कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया

२४. आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्था

२५. उपभोक्ता समितिसम्बन्धी व्यवस्था

२६. सार्वजनिक निजी साझेदारी

२७. ठेक्कापट्टासम्बन्धी व्यवस्था

२८. सडक निर्माणसम्बन्धी विशेष व्यवस्था

२९. आयोजना मर्मत सम्भार तथा हस्तान्तरणसम्बन्धी व्यवस्था

३०. जनसहभागिता एवम् लागत सहभागिता

३१. कार्यक्रम वा आयोजना सञ्चालनसम्बन्धी कार्यतालिका

३२. कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने


## परिच्छेद - ५

## अनुगमन एवम् मूल्याङ्कन


३३. सुपरिवेक्षण तथा अनुगमन समिति

३४. अनुगमनसम्बन्धी थप व्यवस्था

३५. आयोजना जाँचपास, फरफारक र हस्तान्तरणसम्बन्धी व्यवस्था

३६. प्रगति प्रतिवेदन एवम् समीक्षासम्बन्धी व्यवस्था

३७. प्रभाव अध्ययन

३८. मूल्याङ्कन तथा पुरस्कारसम्बन्धी व्यवस्था


## परिच्छेद - ६

## बजेट अख्तियारी र निकासा प्रक्रिया


३९. अख्तियारीसम्बन्धी व्यवस्था


## परिच्छेद - ७

## कोष व्यवस्थापन


४०. गाउँ विकास कोष

४१. गाउँ विकास कोष सञ्चालन र व्यवस्थापन

४२. नगरपालिका कोष

४३. नगरपालिका कोष सञ्चालन र व्यवस्थापन

४४. जिल्ला विकास कोष

४५ जिल्ला विकास कोष सञ्चालन र व्यवस्थापन
४६. विशेष कोषसम्बन्धी व्यवस्था
४७. रकम फ्रिजसम्बन्धी व्यवस्था

परिच्छेद - ८

लेखा र लेखापरीक्षण

४८. लेखा व्यवस्थापन

परिच्छेद - ९

सुशासनसम्बन्धी व्यवस्था

४९. उत्तरदायित्वसम्बन्धी व्यवस्था
५०. पारदर्शितासम्बन्धी व्यवस्था
५१. वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिस्क) न्यूनीकरणसम्बन्धी व्यवस्था
५२. पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने

परिच्छेद - १०

गाउँ विकास समितिसम्बन्धी विशेष व्यवस्था

५३. प्राविधिक कर्मचारीसम्बन्धी व्यवस्था
५४. गाउँ विकास योजना सञ्चालनमा जिल्ला विकास समितिको भूमिका
५५. गाउँ विकास योजना सहजीकरण समिति

परिच्छेद - ११

विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयनसम्बन्धी व्यवस्था

५६. विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयन

परिच्छेद - १२

विविध

५७. गाउँ विकास समिति र नगरपालिकालाई अनुदान दिनेसम्बन्धी व्यवस्था
५८ . गैरसरकारी संस्थासम्बन्धी व्यवस्था
५९. निर्देशनको पालना
६०. जिल्ला विकास समितिको भूमिका
६१. थपघट वा हेरफेर गर्न सक्ने
६२. खारेजी र बचाऊ

# अनुसूची सम्बन्धी विवरण

**क. जानकारीका लागि राखिएका अनुसूची**

| | | |
|---|---|---|
| १. | लक्षित समुहहरूलाई उपयोगी कार्यक्रम तथा आयोजनाहरू | अनुसूची - ३ |
| २. | नेपालमा रहेका विभिन्न जात जातिहरूको सूची | अनुसूची - ४ |
| ३. | पुँजिगत लगानीका क्षेत्रगत योजना तथा कार्यक्रमहरूको विवरण | अनुसूची - ६ |
| ४. | सहभागितामूलक समावेशी योजना तर्जुमा प्रक्रिया | अनुसूची - ११ |
| ५. | खर्च सार्वजनिक सूचना फाराम | अनुसूची - १३ |
| ६. | गाउँ विकास समितिको निकासा माग गर्ने ढाँचा | अनुसूची- १८ |
| ७. | लेखापरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने न्यूनतम विषयहरू | अनुसूची– २६ |
| ८. | सार्वजनिक परीक्षण फारामको ढाँचा | अनुसूची– २८ |
| ९. | विषयगत क्षेत्रको सशर्त अनुदान लगानीका क्षेत्रहरू | अनुसूची– २९ |
| १०. | गै.स.स.लाई कार्यक्रम संचालनका लागि प्रदान गरिने प्रारम्भिक स्वीकृती पत्र | अनुसूची– ३० |
| ११. | गाउँ विकास समितिको बार्षिक कार्यक्रम, खर्चको अनुमान र योजना विवरण | अनुसूची - १९ |
| १२. | सम्पन्न र क्रमागत योजनाको बार्षिक प्रगति | अनुसूची - २० |
| १३. | नगरपालिका कोषको रकम प्रवाह तालिका | अनुसूची - २२ |
| १४. | जिल्ला विकास कोषको रकम प्रवाह तालिका | अनुसूची - २३ |

**ख.प्रगति प्रतिवेदनसंग सम्बन्धित अनुसूचीहरू**

| | | |
|---|---|---|
| १. | उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन | अनुसूची - १४ |
| २. | क्षमता विकासको आयोजना लगानी विवरण | अनुसूची - १ |
| ३. | सामाजिम परिचालनका लागि आयोजना लगानी विवरण | अनुसूची - २ |
| ४. | लक्षित समूहको आयोजना लगानी विवरण | अनुसूची - ५ |
| ५. | पूँजिगत कार्यक्रमको आयोजना लगानी विवरण | अनुसूची - ७ |
| ६. | प्रवर्द्धनात्मक कार्यक्रमको आयोजना लगानी विवरण | अनुसूची - ८ |
| ७. | आयोजना व्यवस्थापन सेवा खर्च सम्बन्धी जिल्ला वर्गीकरण | अनुसूची - ९ |
| ८. | आयोजना व्यवस्थापन सेवाखर्चको लगानी र खर्च विवरण | अनुसूची - १० |
| ९. | लक्षित समूह, पूर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमको भौतिक र वित्तीय प्रगति | अनुसूची - १७ |
| १०. | मासिक, चौमासिक र बार्षिक वित्तीय प्रगति | अनुसूची - १७.१ |
| ११. | एकीकृत सूचनामूलक प्रगति प्रतिवेदन | अनुसूची -१७ .२ |
| १२. | क्षमता विकास कार्यक्रमको बार्षिक भौतिक तथा वित्तीय प्रगति | अनुसूची - १७.३ |
| १३. | सामाजिक परिचालन कार्यक्रमको चौमासिक/बार्षिक भौतिक तथा वित्तीय प्रगति | अनुसूची - १७.४ |
| १४. | गाँउ विकास समितिको पेश्की विवरण | अनुसूची - २१ |
| १५. | गाउँ विकास समितिको बेरूजु विवरण | अनुसूची - २७ |

**ग. अभिलेख राख्नुपर्ने अनुसूचीहरू**

| | | |
|---|---|---|
| १. | आयोजना लगत खाता | अनुसूची - १२ |
| २. | उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थाको लगत | अनुसूची - १५ |
| ३. | आयोजना हस्तान्तरण फाराम | अनुसूची - १६ |
| ४. | प्राप्ती तथा भुक्तानी खाता (गाविस) | अनुसूची - २४ |
| ५. | आयको किसिम (गाविस) | अनुसूची - २४.१ |
| ६. | रकमगत खर्च विवरण (गाविस) | अनुसूची - २४.२ |
| ७. | क्षेत्रगत खर्च विवरण (गा.वि.स./न.पा./जि.वि.स.) | अनुसूची - २५ |
| ८. | पेश्की विवरण (नगरपालिका/जिल्ला विकास समिति) | अनुसूची - २१ |
| ९. | बेरूजुको विवरण (नगरपालिका/जिल्ला विकास समिति) | अनुसूची - २७ |

# स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

**प्रस्तावना :–**

स्थानीय निकायको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय निकायको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट "स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९" तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्छ ।

(ख) "आन्तरिक आय" भन्नाले ऐन, नियमावली र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम स्थानीय निकायको परिषद्बाट स्वीकृत दरमा स्थानीय निकायले लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।

(च) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

(छ) “कार्यविधि” भन्नाले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ सम्झनु पर्छ ।

(ज) “गैरसरकारी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(झ) “ठूला मेशिनरी तथा उपकरण” भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(ञ) “परिषद्” भन्नाले ऐनको दफा ८, ७६ र १७२ बमोजिम गठित क्रमशः गाउँ परिषद्, नगर परिषद् र जिल्ला परिषद् सम्झनु पर्छ ।

(ट) “नगरपालिका” भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका सम्झनु पर्छ ।

(ठ) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ ।

(ड) “निःशर्त अनुदान” भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही गाउँ, नगर र जिल्ला तथा राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम स्थानीय निकायको परिषद्बाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ढ) “न्यूनतम शर्त र कार्यसम्पादन मापन” भन्नाले नियमावलीको नियम २७३घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट वार्षिक रूपमा स्थानीय निकायको न्यूनतम शर्त र कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनु पर्छ ।

(ण) “विषयगत कार्यालय” भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यालय, डिभिजन कार्यालय, इलाकास्तरीय कार्यालय, सेवा केन्द्र, उपसेवा केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्यचौकी समेत सम्झनु पर्छ ।

(त) “विषयगत मन्त्रालय” भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरू सम्झनु पर्छ ।

(थ) “विकास साझेदार” भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(द) “मन्त्रालय” भन्नाले नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(ध) “राजस्व बाँडफाँड” भन्नाले ऐनको दफा २२० र २२१ को उपदफा (२) को खण्ड (ग) बमोजिम जिल्ला विकास समितिले प्राप्त गर्ने रकम सम्झनु पर्छ र सो शब्दले ऐनको दफा २१५ र २१८ बमोजिम जिल्ला विकास समितिले गाउँ विकास समिति र नगरपालिकालाई उपलब्ध गराउने रकम समेतलाई जनाउँछ ।

(न) “लक्षित समूह” भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(प) “लैङ्गिक लेखाजोखा (परीक्षण)” भन्नाले महिला र पुरूषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरूषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(फ) “वडा नागरिक मञ्च” भन्नाले विशेष गरी विपन्न तथा वञ्चित समूह समेतको प्रतिनिधित्व रहने गरी सामाजिक परिचालन निर्देशिका, २०६६ बमोजिम गठन हुने समूह सम्झनु पर्छ ।

(ब) “स्रोत” भन्नाले स्थानीय निकायलाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, स्थानीय निकायको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको हकमा स्थानीय विकास शुल्क, जगेडाकोष र नगरविकास कोषबाट प्राप्त हुने रकम समेतलाई जनाउँछ ।

(भ) “सशर्त अनुदान” भन्नाले नेपाल सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि स्थानीय निकायले तोकिएको शर्तको परिधिभित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्छ ।

(म) “सचिव” भन्नाले ऐनको दफा २५३ बमोजिम स्थानीय निकायको सचिव भै कामकाज गर्न नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(य) “सामाजिक परीक्षण” भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(र) “सार्वजनिक परीक्षण” भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(ल) “सार्वजनिक सुनुवाई” भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(व) “सामुदायिक संस्था” भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(श) “योजना” भन्नाले समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक जिल्ला विकास योजना, वार्षिक जिल्ला विकास योजना, आवधिक नगर विकास योजना, वार्षिक नगर विकास योजना, आवधिक गाउँ विकास योजना, वार्षिक गाउँ विकास योजना, जिल्ला सडक गुरूयोजना र विषयगत गुरूयोजना आदि सम्झनु पर्छ ।

(ष) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय निकायको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख) स्थानीय निकायको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्वसम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

(च) स्थानीय निकायलाई उपलब्ध हुने अनुदानलाई सूत्रमा आबद्ध गरी न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका आधारमा अनुदान प्रदान गर्ने पद्धतिलाई संस्थागत गर्ने र एकीकृत रूपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने,

(छ) स्थानीय निकायको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(ज) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(झ) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(ञ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. **कार्यविधिको कार्यक्षेत्र :** स्थानीय निकायलाई प्राप्त हुने निःशर्त अनुदान, सशर्त अनुदान, कार्यक्रम वा आयोजनागत बजेट, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, स्थानीय विकास शुल्क, राजस्व बाँडफाँडबाट प्राप्त रकम, वित्तीय संस्थाहरूबाट प्राप्त ऋण लगायत गाउँ विकास समिति र नगरपालिकाको हकमा जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान र स्थानीय निकायमा प्राप्त हुने सबै प्रकारका स्रोतको परिचालन एवम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद – २

## अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरू

५. **अनुदानका किसिम :** स्थानीय निकायमा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन् :-

(१) चालु अनुदान :

(क) नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च,

(ख) क्षमता विकास खर्च,

(ग) सामाजिक परिचालन खर्च ।

(२) पूँजिगत अनुदान :

(क) न्यूनतम पूँजिगत अनुदान,

(ख) सूत्रमा आधारित पूँजिगत अनुदान ।

(३) अन्य अनुदान :

(क) विषयगत सशर्त अनुदान,

(ख) कार्यक्रम वा आयोजनागत सशर्त अनुदान/बजेट,

(ग) गैरसरकारी संस्था, तथा विकास साझेदार संस्थाहरूबाट सम्झौता गरी स्थानीयस्तरमा प्राप्त हुने अनुदान/बजेट,

(घ) वित्तीय संस्था/कोषबाट प्राप्त ऋण,

(ड.) प्राविधिक सहयोग,

(च) वस्तुगत सहयोग,

(छ) मन्त्रालयले नगरपालिकामा पठाउने स्थानीय विकास शुल्क र जगेडा कोष अन्तर्गत लागत सहभागितामा संचालन हुने आयोजनागत अनुदान रकम,

(ज) स्थानीय निकायलाई प्राप्त हुने अन्य अनुदान ।

६. **चालू खर्च** : चालू खर्च अन्तर्गत देहायका खर्चहरू पर्नेछन् :-

(१) गाउँ विकास समितिको हकमा आर्थिक प्रशासन नियमावलीको नियम १८ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित अनुसूची-२ को उपभोग खर्च, कार्यालय सञ्चालन खर्च तथा सेवा खर्च ।

(२) नगरपालिकाको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ३९ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित अनुसूची-४ को उपभोग खर्च, कार्यालय सञ्चालन खर्च तथा सेवा खर्च ।

(३) जिल्ला विकास समितिको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ६० को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित अनुसूची-६ को उपभोग खर्च, कार्यालय सञ्चालन खर्च तथा सेवा खर्च ।

(४) चालू खर्चबाट बजेट विनियोजन र बाँडफाँड गर्दा कर्मचारीहरूको तलब, भत्ता सुविधा र पदाधिकारीहरूको कानून बमोजिम तोकिएको पारिश्रमिक तथा सुविधा छुट्याएर मात्र चालू खर्चका अन्य शीर्षकमा बजेट विनियोजन गर्नुपर्नेछ ।

(५) क्षमता विकास खर्च शीर्षकबाट स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि स्थानीय निकायको क्षमता विकास कार्यविधि, २०६६ को परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापहरू परिषद्बाट स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ :-

(क) स्थानीय निकायको विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवम् अत्यावश्यक अध्ययन,

(ख) स्थानीय निकायको संगठन संरचनाको अध्ययन कार्य, जिम्मेवारी किटानसम्बन्धी कार्यहरू ।

तर अध्ययन भएको पाँच वर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाइने छैन ।

(ग) स्थानीय निकायको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवम् संयन्त्रको तालिम, अवलोकन भ्रमण,

(घ) स्थानीय निकायसँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी संस्था, निजी क्षेत्र, टोल विकास संस्था एवम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकाससम्बन्धी क्रियाकलाप,

(ङ) स्थानीय निकायको आन्तरिक आय तथा स्रोतहरूको पहिचान, सम्भाव्यता अध्ययन, संकलन तथा व्यवस्थापन कार्य,

(च) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरूको क्षमता विकास,

(छ) गाउँ, नगर तथा जिल्लाभित्र बसोबास गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारको क्रममा पीडित विपन्न परिवार, आर्थिक एवम् सामाजिक रूपले विपन्न वर्गसम्बन्धी गाउँ, नगर तथा जिल्लास्तरीय संजाल, बालक्लवको क्षमता विकास तथा सीप विकाससम्बन्धी क्रियाकलाप,

(ज) स्थानीय निकायको क्षमता वृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री, उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

(झ) क्षमता विकास कार्यविधि, २०६६ को आधारमा स्थानीय निकायको क्षमता विकास सम्बन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरू,

(ञ) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरू, (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण) एवम् दस्तावेजहरूको तयारी,

(ट) मानव संसाधन विकास केन्द्र र सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन,

(ठ) गाउँ, नगर तथा जिल्लामा विद्युतीय शासन प्रर्वद्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था,

(ड) प्राविधिक परामर्श, विशेषज्ञहरूको पारिश्रमिक, भत्ता, सेवा प्रदायकहरूको सूचीकरण र परिचालन,

(ढ) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरूले माग गरेका क्षेत्रहरू पूरा गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरू,

(ण) स्थानीय निकायको विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(त) विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

(थ) विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरू ।

(६) सामाजिक परिचालन खर्च शीर्षकबाट स्थानीय निकायको सामाजिक परिचालन निर्देशिका, २०६६, नगरपालिका सामाजिक परिचालन दिग्दर्शन, २०६७ र गाउँ विकास समिति सामाजिक परिचालन दिग्दर्शन, २०६८ को अधिनमा रही सञ्चालन हुने सामाजिक परिचालनको प्रक्रिया र क्रियाकलाप देहाय बमोजिम हुनेछन् :-

(क) स्थानीय सेवा प्रदायकको खर्च,

(ख) वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र सञ्चालन एवम् व्यवस्थापन,

(ग) सामाजिक परिचालनले समेटेको परिवार, टोल, बस्ति, वडाको नक्सांङ्कन र सम्बद्ध संस्थाको अभिलेख व्यवस्थापन कार्य,

(घ) गैरसरकारी संस्था र समुदायमा आधारित संस्था परिचालन,

(ङ) समुदाय सशक्तीकरण (समूह, संस्था गठन र परिचालन) सीप विकास, व्यवसाय व्यवस्थापन,

(च) सामुदायिक मध्यस्थता र कानूनी उपचार तथा सहायता समिति परिचालन,

(छ) बालमैत्री स्थानीय शासन, बालविकास, बालक्लव तथा बाल सञ्जालको विकास,

(ज) विपन्न घरधुरी नक्साङ्कन,

(झ) लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक सशक्तीकरण र गरिबी न्यूनीकरण,

(ञ) सामुदायिक कोष सञ्चालन र व्यवस्थापन,

(ट) सामाजिक परिचालन समितिको खर्च ।

(७) गाउँ विकास समिति र नगरपालिकाको वार्षिक योजना तर्जुमा र छनौट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायत समग्र काम कारबाहीमा बढीभन्दा बढी नागरिकहरू, विशेष गरी गरिब र पिछडिएका वर्गको सहभागिता बढाई उनीहरूको आवाजलाई सम्बोधन गर्न सामाजिक परिचालन कार्यान्वयन गरेका सबै गाउँ विकास समिति र नगरपालिकाका वडाहरूमा वडा नागरिक मञ्च गठन गरिनेछ ।

(८) गरिब र पिछडिएका वर्गहरूको सशक्तीकरण गरी निर्णय गर्ने प्रकृयामा उनीहरूको पहुँच र हैसियत बढाउन सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गरेका सबै गाउँ विकास समिति नगरपालिकाका वडाहरूमा नागरिक सचेतना केन्द्र स्थापना गरिनेछ ।

(९) नगरपालिका र जिल्ला विकास समितिमा सामाजिक परिचालन कार्यक्रम संचालन गर्न आवश्यक नीति निर्देशन दिने, अनुगमन गर्ने, स्थानीय सेवा प्रदायक छनौट गर्नका लागि सामाजिक परिचालन निर्देशिका बमोजिम जिल्ला सामाजिक परिचालन समिति र नगरपालिका सामाजिक परिचालन समिति गठन गरिनेछ ।

(१०) क्षमता विकास कार्यक्रम र सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सञ्चालित हुने कार्यक्रमको आयोजना लगानी विवरण तालिका क्रमशः अनुसूची-१ र अनुसुची-२ बमोजिम स्वीकृत गराई गाउँ विकास समितिले जिल्ला विकास समितिमा, नगरपालिकाले मन्त्रालयको नगरपालिका व्यवस्था शाखामा र जिल्ला विकास समितिले मन्त्रालयको स्थानीय निकाय सहयोग शाखामा पठाउनु पर्नेछ ।

७. **<u>पूँजिगत अनुदान बाँडफाँडका आधार</u> :** (१) कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (क) बमोजिम स्थानीय निकायमा उपलब्ध हुने न्यूनतम पूँजिगत अनुदान कूल पूँजिगत अनुदानको तीस प्रतिशतभन्दा बढी हुनेछैन । यसरी छुट्याएको रकमलाई मन्त्रालयले भौगोलिक सुगमता र विकटताका आधारमा बाँडफाँड गर्नेछ ।

(२) कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय निकायमा उपलब्ध हुने सूत्रमा आधारित पूँजिगत अनुदान गाउँ विकास समितिको हकमा न्यूनतम शर्त मापनको नतिजा तथा नगरपालिका र जिल्ला विकास समितिको हकमा न्यूनतम शर्त र कार्यसम्पादन मापनको नतिजाका आधारमा मन्त्रालयले देहाय बमोजिम  बाँडफाँड गरी पठाउनेछ ।

| वितरणको आधार | गाउँ विकास समिति | नगरपालिका | जिल्ला विकास समिति |
|---|---|---|---|
| जनसंख्या | ६० प्रतिशत | ५० प्रतिशत | ४० प्रतिशत |
| क्षेत्रफल | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| भारित लागत | ३० प्रतिशत | - | २५ प्रतिशत |
| भारित गरिवी | - | २५ प्रतिशत | २५ प्रतिशत |
| भारित आन्तरिक कर प्रयास | - | १५ प्रतिशत | - |

(३) मन्त्रालयले स्थानीय निकाय वित्तीय आयोगको सिफारिशमा उपदफा (२) बमोजिमको अनुदान बाँडफाँडको सूत्र र आधारलाई हेरफेर गर्न सक्नेछ ।

(४) उल्लिखित सूत्रको सूचक जनसंख्याको हकमा तथ्याङ्क विभागबाट जनगणनाको आधारमा तयार भएको जिल्लाको जनसंख्याको आंकडा, गरिबीको हकमा नेपाल मानव विकास प्रतिवेदन, भारित लागतको हकमा स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन र क्षेत्रफलको हकमा नापी विभागको तथ्याङ्कलाई आधार मान्न सकिनेछ ।

८. **पूँजिगत खर्च :** स्थानीय निकायको कोषको कुल पूँजिगत रकमबाट क्रमशः देहायका क्षेत्रमा विनियोजन गरी लगानी गर्नु पर्नेछ ।

(क) समपुरक कोष : स्थानीय निकायको परिषद्बाट आयोजनागत विवरण सहितको स्वीकृत रकम,

(ख) लक्षित समूह विकास कार्यक्रम : स्थानीय निकायको कुल पूँजिगत रकमबाट खण्ड (क) बमोजिमको रकम कटाई बाँकी रकमबाट कार्यविधिको दफा १० बमोजिम विनियोजन हुनेगरी न्यूनतम पैतीस प्रतिशत रकम,

(ग) आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास कार्यक्रम : स्थानीय निकायको कुल पूँजिगत रकमबाट खण्ड (ख) बमोजिमको रकम घटाई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोको कम्तीमा साठी प्रतिशत रकम,

(घ) प्रवर्द्धनात्मक कार्यक्रम : खण्ड (ग) बमोजिमको रकम कटाई बाँकी हुन आउने अधिकतम चालीस प्रतिशत रकम ।

९. **समपूरक कोषसम्बन्धी व्यवस्था :** (१) स्थानीय निकायको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न सम्बन्धित स्थानीय निकायले आयोजनागत रूपमा विवरण तयार गरी कार्यविधिको दफा ८ को खण्ड (क) बमोजिम समपूरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउनु पर्नेछ ।

तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरू योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट स्थानीय निकायको योजनामा समावेश भएको हुनुपर्नेछ ।

**१०. <u>लक्षित समूह विकास कार्यक्रम</u> :** (१) कार्यविधिको दफा ८ को खण्ड (ख) बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरूमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्नु पर्नेछ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत ।

(२) उपदफा (१) बमोजिम विनियोजन भएको रकमबाट सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत छनौट भई आएका अनुसूची-३ बमोजिमका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गर्नुपर्नेछ ।

(४) लक्षित समूहमा लगानी गर्दा लोपोन्मुख, अति सीमान्तकृत तथा सबै जातजातिका अति विपन्न परिवारहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरिबी नक्शाङ्कन, विपन्न वर्गको नक्शाङ्कन, आधारभूत सर्वेक्षणलाई आधार लिन सकिनेछ । नेपालमा रहेका जातजातिहरूको सूची अनुसुची-४ मा छ ।

(५) लक्षित समूहमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा सत्तरी प्रतिशत सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाइदा पाउने हुनुपर्नेछ । साथै जिल्ला विकास समिति र नगरपालिकाको हकमा कम्तीमा दश परिवार र गाविसको हकमा कम्तीमा पाँच परिवार समेटिएको हुनु पर्ने तथा सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समूहको सहभागिता हुनुपर्नेछ ।

(६) लक्षित समूह विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम लागू भएका स्थानीय निकायमा सामाजिक परिचालनबाट छानिएका कार्यक्रम वा आयोजना मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

(७) लक्षित समूहको कार्यक्रम संचालन गर्दा अनुसूची-३ मा उल्लिखित सबै क्षेत्रलाई समेट्ने गरी सम्वन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ । लक्षित समूहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(८) लक्षित समूहको लागि छुट्याइएको बजेटबाट आयोजना तथा कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ सँगठन वा संस्था मार्फत सीधै अनुदान उपलब्ध गराउन पाइने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ ।

(९) लक्षित क्षेत्रमा गरिएको लगानी अनुसूची-५ बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फन्डिङ म्याट्रिक्स) प्रत्येक लक्षित समूहका लागि छुट्टा छुट्टै तयार गर्नु पर्नेछ ।

११. **आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास :** (१) कार्यविधिको दफा ८ को खण्ड (ग) बमोजिम छुट्याइएको रकमबाट गाउँ विकास समितिले ऐनको दफा २८, नगरपालिकाले ऐनको दफा ९६ र जिल्ला विकास समितिले ऐनको दफा १८९ मा उल्लिखित क्षेत्र लगायत देहायका क्षेत्रमा लगानी गर्नुपर्नेछ :-

(क) यातायात पूर्वाधार क्षेत्र : जिल्ला यातायात गुरू योजना (डि.टि.एम.पी.) को प्राथमिकताका आधारमा लगानी गर्ने,

(ख) वन, वातावरण संरक्षण, जैविक विविधता, उद्यान तथा खुला एवम् हरियाली क्षेत्र, जलवायु परिवर्तन, नवीकरणीय उर्जा,

(ग) खानेपानी तथा सरसफाई, सिंचाइ, नदी नियन्त्रण,

(घ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन, जग्गा एवम् बस्ती विकास कार्यक्रम,

(ङ.) जलस्रोत विकास तथा ग्रामीण विद्युतीकरण,

(च) स्वास्थ्य पूर्वाधार,

(छ) शिक्षा पूर्वाधार,

(ज) बजार प्रवर्द्धन तथा व्यवस्थापन,

(झ) सामुदायिक भवन, पुनःस्थापना केन्द्र,

(ञ) जीविकोपार्जन तथा गरिबी न्यूनीकरण,

(ट) आर्थिक विकास पूर्वाधार (कृषिमा आधारित, गैर कृषिमा आधारित, सेवा क्षेत्र),

(ठ) स्थानीय निकायको आन्तरिक आयबृद्धि गर्न गरिने प्रयासहरू,

(ड) पर्यटन, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक पूर्वाधार विकासका क्षेत्र,

(ढ) फोहरमैला व्यवस्थापन तथा ढल निकास,

(ण) गाउँ नगर साझेदारी कार्यक्रमहरू,

(त) तथ्यांक सूचना, सडक नक्शांकन तथा घर नम्वरिङ्ग, वस्तुगत विवरण,

(थ) राष्ट्रिय भवन संहिताको कार्यान्वयन र सडक बत्ती व्यवस्थापन,

(द) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन ,

(ध) निजी एवम् गैरसरकारी क्षेत्रसँग साझेदारीमा सञ्चालन गरिने भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरू,

(न) विषयगत क्षेत्रको सशर्त अनुदान कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमहरू,

(प) स्थानीयस्तरमा प्राप्त हुने विप्रेषणको व्यवस्थापन तथा सदुपयोगबाट जीविकोपार्जन कार्यक्रम तर्जुमा, र

(फ) रोजगार तथा स्थानीय स्रोतमा आधारित लघुउद्योग बिकास कार्यक्रम ।

(२) आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँ विकास समितिले दुई लाख, नगरपालिकाले पाँच लाख, उपमहानगरपालिकाले सात लाख र महानगरपालिकाले दश लाख तथा जिल्ला विकास समितिले पाँच लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् । पूँजिगत लगानीका क्षेत्र अन्तर्गतका विस्तृत क्रियाकलापहरू अनुसूची-६ बमोजिम हुनेछ ।

(३) यस क्षेत्रमा गरिएको लगानीको अनुसूची-७ बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ ।

१२. **प्रवर्द्धनात्मक क्षेत्र** : (१) कार्यविधिको दफा ८ को खण्ड (घ) बमोजिम छुट्याइएको रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा स्थानीय निकायले प्राथमिकीकरण गरी लगानी गर्नुपर्नेछ :-

(क) सामाजिक परिचालन मार्फत गठन गरिएका समूह, संस्था एवम् वडा नागरिक मञ्चबाट माग भई आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

(ख) स्थानीयस्तरमा सरकारी, गैरसरकारी तथा सामुदायिक संस्था र निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न सकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

(ग) नेपाल सरकारको राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका निम्न कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउन सम्बन्धित कार्यक्रमको स्वीकृत योजना खाका (फ्रेमवर्क), कार्यविधि, निर्देशिका बमोजिम सञ्चालन गरिने देहायका विषयहरू :

(१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण,

(२) एक गाँउ एक उत्पादनसँग केन्द्रित कार्यक्रम,

(३) प्राथमिक स्वास्थ्य, एच.आइ.भि.र एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, स्वास्थ्य तथा पोषण स्वास्थ्यसम्बन्धी अभियान र प्रचारप्रसार,

(४) वातावरण संरक्षण तथा जलवायु परिवर्तन,

(५) खानेपानी तथा सरसफाई र खुला दिशामुक्त क्षेत्र,

(६) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वस्थ्यतासम्बन्धी कृयाकलाप,

(७) कला, साहित्य, लिपि तथा संस्कृति प्रवर्द्धन, पुस्तकालय व्यवस्थापन, सामुदायिक रेडियो,

(८) सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाइ, उन्नत बीउ विजन तथा प्रविधि विकाससंगसम्बन्धी (जस्तैः हरितगृह, गोठे मल-मूत्र संकलन, कीटनाशक औषधि, आकाशे पानी संकलन, सिंचाइ प्रविधि आदि),

(९) गैर काष्ठ बन पैदाबार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रशोधनात्मक कार्य,

(१०) स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्द्धन,

(११) नविकरणीय उर्जा विकास र प्रवर्द्धन,

(१२) जीविकोपार्जन तथा गरिबी निवारणमा टेवा पुऱ्याउने कार्यक्रम,

(१३) स्थानीय निकायको आन्तरिक आय अभिवृद्धि,

(१४) विपन्न नक्शाङ्कन तथा अध्यावधिक गर्ने कार्य,

(१५) सीप विकास तथा रोजगार प्रबर्द्धन कार्यक्रम,

(१६) सुरक्षित तथा मर्यादित बैदेशिक रोजगारसम्बन्धी अवसर तथा जोखिमको बारेमा सचेतना कार्यक्रम,

(१७) शहरी सुरक्षासम्बन्धी कार्यक्रम ।

(२) प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागको आधारमा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्न सकिनेछ । कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रवर्द्धनात्मक कार्यक्रमका लागि छुट्याइएको बजेटबाट कार्यक्रम वा आयोजना संचालन गर्दा यस कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समितिसम्बन्धी प्रावधान लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नु पर्नेछ ।

(४) यस क्षेत्रमा गरिएको लगानीको अनुसूची-८ बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ ।

**१३. खर्च गर्न निषेध गरिएका विषयहरू : (१)** स्थानीय निकायको कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरू गर्न पाईने छैन :–

(क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधासम्बन्धी खर्चहरू,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालनसम्बन्धी खर्चजस्ता चालू प्रकृतिका सबै खर्चहरू,

(ङ) बिमा, ऋण कारोवार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न,

तर उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई स्थानीय निकायको शेयरको रूपमा लगानी गर्न बाधा परेको मानिने छैन ।

(च) राजनैतिक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ती आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) स्थानीय निकायको परिषद्बाट आयोजनागत रूपमा बजेट बाँडफाँड नगरी अबण्डाको रूपमा एकमुष्ट रकम राख्न,

(झ) स्थानीय निकायको परिषद्बाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न, र

(ञ) गाउँ विकास समितिको हकमा गाउँ शिक्षा योजना, नगरपालिकाको हकमा नगर शिक्षा योजना तथा जिल्ला विकास समितिको हकमा जिल्ला शिक्षा योजना, विद्यालय सुधार योजना एवम् गाउँ तथा नगर शिक्षा योजनामा नपरेका कार्यक्रममा खर्च गर्न एवम् शिक्षक तथा विद्यालयका कर्मचारीको तलव भत्ता र पारिश्रमिकमा खर्च गर्न ।

(२) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाइने छैन ।

(३) वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली, २०५४ तथा सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा २०६५ मा उल्लिखित प्रावधानहरूको प्रतिकूल छनौट भएका कार्यक्रम वा आयोजनामा लगानी गर्न पाइने छैन ।

(४) स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको बहाली नभएसम्म वा अर्को व्यवस्था नभएसम्म सचिवले स्थानीय निकायको चालू तथा पूँजिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान सहयोग वितरण गर्न पाउने छैन ।

१४. **<u>आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी व्यवस्था</u>** : (१) स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट महानगरपालिका र उपमहानगरपालिकाले एक दशमलव पाँच प्रतिशत र नगरपालिकाले बढीमा तीन प्रतिशतसम्म तथा गाउँ विकास समिति र जिल्ला विकास समितिले अनुसूची-९ मा उल्लेख भए बमोजिम "क", "ख" र "ग" वर्गका जिल्लामा क्रमशः पाँच, चार र तीन प्रतिशत रकम छुट्याई खर्च गर्न सकिनेछ । यस्तो खर्चको हिसाब अनुसूची-१० बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

तर, कन्टिन्जेन्सी रकम खर्च गर्दा कुल पूँजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईने छ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको रकमको खर्च सम्बन्धी कार्ययोजना स्थानीय निकायको परिषद्बाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययनसम्बन्धी खर्च,

(ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षणसम्बन्धी खर्च,

(ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टरसम्बन्धी खर्च,

(घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी,

(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

(च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च ,

(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरू,

(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य ।

(३) उपदफा (१) बमोजिम एकमुष्ट रूपमा कन्टेन्जेन्सी छुट्टयाएपछि आयोजनागत रूपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टेन्जेन्सी रकम छुट्याउन पाइने छैन ।

(४) नेपाल सरकारले जिल्ला विकास समिति मार्फत गाउँ विकास समितिमा पठाउने पूँजिगत अनुदानको रकमबाट अनुसूची-९ मा वर्गिकृत "क", "ख" र "ग" वर्गका जिल्लामा क्रमश एक, शून्य दशमलव पचहत्तर र शून्य दशमलव पचास प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला विकास समितिको माग अनुसार जिल्ला विकास समितिको खातामा निकासा गर्नेछ । यस्तो रकमबाट जिल्ला विकास समितिले जिल्ला परिषद्बाट कार्यक्रम स्वीकृत गराई देहायका क्षेत्रमा मात्र खर्च गर्न सक्नेछ :-

(क) गाउँ विकास समितिको कार्यक्रम वा आयोजनाहरूको प्राविधिक कार्य तथा अनुगमन एवम् मूल्याङ्कन,

(ख) गाउँ विकास समितिको मासिक, चौमासिक, वार्षिक प्रगति विवरण संकलन तथा प्रतिवेदन, र

(ग) अभिलेख व्यवस्थापनका लागि गाउँ विकास समितिहरूबीच एकरूपता कायम गर्न योजना खाता, मालपोत लगत खाता, मालपोत पासबुक, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता फारामहरू छपाई एवम् वितरण ।

## परिच्छेद – ३

## योजना तर्जुमा एवम् आयोजना छनौट

**१५.** **गाउँ विकास समिति एकीकृत योजना तर्जुमा समिति :** (१) गाउँ विकास समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाका प्रस्तावहरू छनौट गरी गाउँ विकास समिति समक्ष सिफारिश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एकीकृत योजना तर्जुमा समिति रहनेछ :-

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति - संयोजक

(ख) गाउँ विकास समिति क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि एक जना - सदस्य

(ग) गाउँ विकास क्षेत्रका सामुदायिक संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको सामुदायिक संस्थाको महिला प्रतिनिधि एक जना - सदस्य

(घ) गाउँ विकास क्षेत्रका दलित संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको दलित संस्थाको प्रतिनिधि एक जना - सदस्य

(ङ) गाउँ विकास क्षेत्रमा रहेका महिला संस्थाहरू (जस्तै आमा समूह, महिला सहकारी, महिला संजाल, प्यारालिगल समिति आदि) ले आफूमध्येबाट छनौट गरी पठाएका महिला संस्थाका प्रतिनिधि दुई जना - सदस्य

(च) गाउँ विकास क्षेत्रमा रहेका बालक्लवहरूले आफूमध्येबाट छनौट गरी पठाएका बाल प्रतिनिधि एक जना – सदस्य

(छ) गाउँ विकास क्षेत्रमा आदिवासी जनजातिका संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएका आदिवासी जनजाति संस्थाका प्रतिनिधि एकजना - सदस्य

(ज) गाउँ विकास क्षेत्रका मधेशी, मुस्लिम र पिछडावर्गको संस्थाले छनौट गरी पठाएको प्रतिनिधि एक जना - सदस्य

(झ) गाउँ विकास क्षेत्रका समाजसेवी, बुद्धिजीवी, ज्येष्ठ नागरिक मध्येबाट गाउँ विकास समितिले तोकेको प्रतिनिधि एकजना - सदस्य

(ञ) गाउँ विकास समितिस्थित वडा नागरिक मञ्चहरूले आफूमध्येबाट छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना - सदस्य

(ट) नागरिक सचेतना केन्द्रले छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना - सदस्य

(ठ) गाउँ विकास समिति भित्रका अपाङ्गता भएका व्यक्तिले आफूमध्येबाट छनौट गरी पठाएको प्रतिनिधि एकजना - सदस्य

(ड) गाउँ विकास समितिमा क्रियाशील राजनीतिक दलहरूबाट तोकि पठाएको एक एकजना प्रतिनिधि - सदस्य

(ढ) गाउँ विकास समितिको सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भै कामकाज गर्नेछ ।

**१६. <u>नगरपालिका एकीकृत योजना तर्जुमा समिति :</u>** (१) नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाका प्रस्तावहरू छनौट गरी नगरपालिका समक्ष सिफारिश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एकीकृत योजना तर्जुमा समिति रहनेछ :–

| | | |
|---|---|---|
| (क) नगरपालिकाको प्रमुख वा निजको काम गर्न तोकिएको पदाधिकारी | - | संयोजक |
| (ख) नगरक्षेत्रमा रहेका सामुदायिक संस्थाहरूमध्येबाट नगरपालिकाले तोकेको सामुदायिक संस्थाको महिला प्रतिनिधि एकजना | - | सदस्य |
| (ग) नगरक्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि एकजना | - | सदस्य |
| (घ) नगरक्षेत्रमा रहेका दलित संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएको दलित संस्थाको प्रतिनिधि एकजना | - | सदस्य |
| (ङ) नगरक्षेत्रमा रहेका महिला संस्थाहरू जस्तै : आमा समूह, महिला सहकारी, महिला सञ्जाल, प्यारालिगल समिति आदिले आफूमध्येबाट छनौट गरी पठाएका महिला संस्थाका प्रतिनिधि दुईजना | - | सदस्य |
| (च) नगरक्षेत्रमा रहेका बाल क्लवहरूले आँफूमध्येबाट छनौट गरी पठाएका बाल प्रतिनिधि एकजना | - | सदस्य |
| (छ) नगरक्षेत्रमा रहेका आदिवासी जनजातिका संस्थाहरूले आफूमध्येबाट छनौट गरी पठाएका आदिवासी जनजाति संस्थाका प्रतिनिधि एकजना | - | सदस्य |
| (ज) नगरपालिका क्षेत्रका मधेशी, मुस्लिम र पिछडावर्गको संस्थाले छनौट गरी पठाएको प्रतिनिधि एकजना | - | सदस्य |
| (झ) नगरस्थित उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना | - | सदस्य |
| (ञ) नगर क्षेत्रका समाजसेवी, बुद्धिजीवी, ज्येष्ठ नागरिक मध्येबाट नगरपालिकाले तोकेका एकजना | - | सदस्य |
| (ट) नगरपालिकास्थित वडा नागरिक मञ्चहरूले आँफू मध्येबाट छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना | - | सदस्य |
| (ठ) नागरिक सचेतना केन्द्रले छनौट गरी पठाएको महिला प्रतिनिधी एकजना | - | सदस्य |
| (ड) नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिले आँफूमध्येबाट छनौट गरी पठाएको प्रतिनिधि एकजना | - | सदस्य |
| (ढ) नगरपालिकामा क्रियाशील राजनीतिक दलहरूबाट तोकि पठाएको एक एकजना प्रतिनिधि | - | सदस्य |
| (ण) नगरपालिकाको कार्यकारी अधिकृत | - | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भै कामकाज गर्नेछ ।

**१७. <u>एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार</u> :** (१) कार्यविधिको दफा १५ र १६ बमोजिम गठित एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार  देहाय बमोजिम हुनेछ :-

(क) वडा समितिबाट प्राथमिकताक्रमको आधारमा सिफारिश भई आएका कार्यक्रम वा आयोजनाको अनुमानित बजेट सीमाको अधीनमा रही क्षेत्रगत रूपमा छुट्टाछुट्टै प्राथमिकीकरण गरी अन्तिम सूची तयार गर्ने ।

(ख) प्राथमिकीकरण गर्दा क्रमागत आयोजनामध्ये आवश्यकताको आधारमा निष्पक्षता र यथार्थतालाई जोड दिने ।

(ग) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रमको बारेमा समन्वय गर्ने ।

(घ) आयोजनाको सिफारिश गर्दा क्षमता विकाससम्बन्धी आयोजना, सामाजिक परिचालन, पूँजिगत लगानीका क्षेत्रका कार्यक्रम वा आयोजना, प्रवर्द्धनात्मक कार्यक्रमहरू र लक्षित समूह (महिला, बालबालिका, अतिविपन्न र पिछडिएका समुदायहरू) को छुट्टाछुट्टै आयोजना लगानी सूची र आयोजनागत लगानी हुने रकमको सूची पेश गर्ने ।

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने आयोजनामा दोहोरोपना आउन नदिने र कार्यक्रम वा आयोजना बीच पारस्परिक सम्बन्ध एवम् परिपूरकता कायम गर्ने ।

(च) गाउँ विकास कोष र नगरपालिका कोषको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरूमा छलफल गरी पृष्ठपोषण दिने  ।

(छ) स्थानीय निकायको कार्यमा आवश्यक सल्लाह एवम् सुझाव दिने तथा आवश्यक सहयोग पुऱ्याउने ।

(२) समितिको कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाका सामाजिक परिचालक एकीकृत योजना तर्जुमा समितिको पदेन सदस्य हुनेछन् ।

(ख) गाउँ विकास समिति र नगरपालिकाले स्वास्थ्य व्यवस्थापन समिति, स्थानीय सरकारी एवम् गैर सरकारी क्षेत्रका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

(घ) समितिले आवश्यकता अनुसार सम्बन्धित निकायबाट आवश्यक राय सल्लाह, सुझाव लिन सक्नेछ ।

(ङ.) कार्यविधिको दफा १५ को उपदफा (१) को खण्ड (ख) देखि (ड) र दफा १६ को उपदफा (१) को खण्ड (ख) देखि (ढ) सम्म उल्लिखित प्रतिनिधिहरू क्रमशः गाउँ विकास समिति र नगरपालिकाले तोकेको समयभित्र छनौट गरी नपठाएमा गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले मनोनयन वा छनौट गर्न सक्नेछ । साथै एकीकृत योजना तर्जुमा समितिका कुनै प्रतिनिधि छनौट भई नआएको वा नतोकिएको खण्डमा पनि गाउँ विकास समिति र नगरपालिकाको काम कार्यवाही रोकिने छैन ।

(च) कार्यविधिको दफा १५ को उपदफा (१) को खण्ड (ख) देखि (ड) र दफा १६ को उपदफा (१) को खण्ड (ख) देखि (ढ) सम्म उल्लिखित संस्थाहरू गठन भई क्रियाशील नभएको अवस्थामा त्यस्ता संस्थाको प्रतिनिधि नभएपनि एकीकृत समितिको बैठक बस्न बाधा परेको मानिने छैन ।

(छ) गाउँ विकास समिति र नगरपालिकाले तोकेको समयभित्र एकीकृत योजना तर्जुमा समितिबाट आयोजनाका प्रस्तावहरू छनौट गरी नआएमा गाउँ विकास समिति र नगरपालिकाले सहभागितामूलक योजना तर्जुमा पद्धतिबाट छनौट भई आएका आयोजना मध्येबाट छनौट गर्न सक्नेछ ।

(ज) समितिको कार्यविधिसम्बन्धी अन्य व्यवस्था समिति आँफैले तोके बमोजिम हुनेछ ।

**१८. <u>जिल्ला स्रोत अनुमान समिति</u> :** (१) जिल्ला विकास समितिले जिल्लाको कुल स्रोतको अनुमान, विश्लेषण एवम् प्रक्षेपणका लागि देहाय बमोजिमको स्रोत अनुमान समिति गठन गर्नुपर्नेछ :-

| | | | |
|---|---|---|---|
| (क) | जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्ति | - | संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | - | सदस्य |
| (ग) | कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख | - | सदस्य |
| (घ ) | जिल्ला विकास समितिको राजस्व शाखा प्रमुख, | - | सदस्य |
| (ङ) | विषयगत कार्यालयको तर्फबाट महिला विकास अधिकृत सहित संयोजकले तोकेको कार्यालय प्रमुख दुईजना | - | सदस्य |
| (च) | गाउँ विकास समितिका अध्यक्षमध्ये संयोजकले तोकेको एक जना | - | सदस्य |
| (छ) | उद्योग बाणिज्य संघ जिल्ला समितिको प्रमुख | - | सदस्य |
| (ज) | जिल्ला सदरमुकाम रहेको नगरपालिकाका कार्यकारी अधिकृत | - | सदस्य |
| (झ) | योजना, अनुगमन तथा प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

(२) समितिले ऐनको दफा १९५ को उपदफा (५) बमोजिम र जिल्ला आवधिक योजनाका प्राथमिकता, विषयगत क्षेत्रका प्राथमिकता तथा भौगोलिक विकटता र विपन्नतालाई समेत आधार लिई ऐनको दफा १८९ ले तोके बमोजिम क्षेत्रगत रूपमा प्रक्षेपित लगानी, मार्गदर्शन, गाउँ विकास समिति, नगरपालिका र विषयगत कार्यालयलाई दिईने सिलिङको खाका समेत तयार गरी जिल्ला विकास समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य ऐनको दफा १९७ र नियमावलीको निमय १९९ बमोजिम पूर्व योजना तर्जुमा गोष्ठी अगावै सम्पन्न गरी सक्नुपर्नेछ ।

**१९. <u>कार्यक्रम वा आयोजनाको प्राथमिकताक्रम निर्धारण</u> :** (१) गाउँ विकास समितिले ऐनको दफा ४३ को उपदफा (३) र (६), नगरपालिकाले ऐनको दफा १११ को उपदफा (४) र जिल्ला विकास समितिले ऐनको दफा २०१ मा उल्लिखित आधारहरू लगायत देहायका आधारमा कार्यक्रम वा आयोजनाहरूको प्राथमिकीकरण गर्नुपर्नेछ :-

(क) क्रमागत एवम् अधूरा रहेका कार्यक्रम वा आयोजनाहरू तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने कार्यक्रम वा आयोजनाहरू,

(ख) आवधिक गाउँ विकास योजना, आवधिक नगर विकास योजना र आवधिक जिल्ला विकास योजना तथा जिल्ला यातायात गुरूयोजना र अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषयहरू,

(ग) सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरू,

(घ) स्थानीय स्रोत, साधन, श्रम ,सीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवम् आय आर्जनमा बढवा दिने विषयहरू,

(ङ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू,

(च) स्थानीय निकायको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरू,

(छ) समान प्रकृतिका आयोजनाहरूमध्ये बढी जनसहभागिता एवम् लागत सहभागिता जुटाउन सकिने आयोजनाहरू, र

(ज) व्यक्तिगत घटना दर्ताबाट प्राप्त जनसांख्यिकीय स्थितिलाई आधार मानी शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम वा आयोजनाहरू छनौट गर्दा गरिबी नक्शाङ्कन वा विपन्नता नक्शाङ्कन आदि समेतको आधारमा तुलनात्मक रूपमा अति गरिब, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गहरूको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) जिल्ला यातायात गुरूयोजनामा नगरपालिका क्षेत्रभित्रका सडकहरू समावेश नभएको भए नगरपालिका क्षेत्रभित्रका सडकहरूलाई समेत समेटी अद्यावधिक गर्नुपर्नेछ ।

२०. **योजना तर्जुमा :** (१) गाउँ विकास समितिको योजना तर्जुमा प्रक्रिया ऐनको दफा ४३ को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिले ऐनको दफा ४४ बमोजिम गाउँ विकास क्षेत्रको गाउँ पार्श्वचित्र ( भिलेज प्रोफाईल) तथा स्रोत नक्सा तयार गरी नियमित रूपमा अद्यावधिक गर्दै जानुपर्नेछ ।

(ख) गाउँ विकास कोषमा प्राप्त सबै प्रकारको रकमलाई एकीकृत गरी एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तयार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकताका आधारमा एकीकृत योजना तर्जुमा समितिको बैठकबाट क्षेत्रगत रूपमा प्राथमिकता निर्धारण र क्षेत्रगत बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।

(ग) बजेट पूर्वानुमान गर्दा पिछडिएका बस्तीमा लगानी केन्द्रित गर्ने गरी त्यस्ता वस्तीका बासिन्दालाई विकासको मूलप्रवाहमा ल्याउने रणनीति अवलम्वन गर्नुपर्नेछ ।

(घ) बजेट पूर्वानुमान तयार गरी सकेपछि आयोजना छनौटका आधारसमेत खुलाई वडागत रूपमा कार्यक्रम वा आयोजनाको छनौट गरी पठाउन सम्बन्धित वडालाई जानकारी गराउनु पर्नेछ ।

(ङ) बजेट पूर्वानुमान बमोजिम कुन क्षेत्रमा कतिसम्म लगानी गर्न सकिने हो सोको बारेमा स्थानीय सञ्चारका माध्यम एवम् सामाजिक परिचालक मार्फत समुदायस्तरमा जानकारी गराउनु पर्नेछ ।

(च) योजना तर्जुमा प्रक्रिया वस्तीस्तरबाट सुरू हुनेछ । बस्तीमा बसोबास गर्ने नागरिकहरू विशेष गरेर अतिविपन्न एवम् पिछडिएका समूह र समुदायस्तरमा रहेका समूह र सामुदायिक संस्थाहरू समेतको संयुक्त भेलाले पहिचान गरेका कार्यक्रम वा आयोजनाहरूको सूची तयार गर्नुपर्नेछ । सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका अति विपन्न परिवारको मागलाई प्राथमिकता दिई सम्बोधन गर्नु पर्नेछ ।

(छ) यसरी सूची तयार गर्दा लाभान्वित समूहका प्रस्तावकहरू (उपभोक्ता समूह र सामुदायिक संस्था) ले आँफूले परिचालन गर्न सक्ने स्रोत तथा जनसहभागिताको अंश र आयोजनाको दीगो सञ्चालन तथा मर्मत सम्भारसम्बन्धी व्यवस्था स्पष्ट रूपले खुलाउनुपर्नेछ ।

(ज) योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागितालाई सुनिश्चित गराउनु पर्नेछ । योजना तर्जुमाको चरणमा कार्यक्रम वा आयोजनाहरूसँग सम्बन्धित निर्देशन एवम् कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम वा आयोजनाहरू तर्जुमा गर्नुपर्नेछ ।

(झ) आफ्नो वडा भित्रका समुदायबाट प्राप्त सूचीहरूलाई वडा नागरिक मञ्चले समूहीकृत र एकीकृत गरी वडा समितिमा सिफारिश गरी पठाउनेछ ।

(ञ) वडा समितिले वडा नागरिक मञ्चबाट प्राप्त कार्यक्रम वा आयोजनाहरूलाई विभिन्न कार्यक्रमहरू बीचको अन्तरसम्वन्ध कायम हुने गरी प्राथमिकताक्रम निर्धारण गरी गाउँ विकास समितिमा पेश गर्नुपर्नेछ ।

तर वडा समिति क्रियाशील नभएको अवस्थामा वडा नागरिक मञ्चले नै कार्यक्रम वा आयोजना प्राथमिकीकरण गर्नेछ ।

(ट) गाउँ विकास समितिले एकीकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्नु अगावै नियमावलीको नियम ४७ को परिधिभित्र रही विषयगत निकायका प्रमुखहरू, गैर सरकारी संस्था, सामुदायिक संस्था एवम् राजनैतिक दलका प्रतिनिधिहरूसमेत रहेको विषयगत योजना तर्जुमा समिति गठन गरी त्यस्तो समितिबाट आवश्यक सिफारिस र क्षेत्रगत प्राथमिकताको सूची लिन सक्नेछ ।

(ठ) गाउँ विकास समितिले वडा समिति वा विषयगत समितिबाट प्राथमिकताक्रमको निर्धारण भई आएका कार्यक्रम वा आयोजनाहरूको सूची एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नेछ ।

(ड) कार्यक्रम र बजेट स्वीकृत गर्दा गाउँ विकास समितिमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरू कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका तयार गर्नुपर्नेछ ।

(ढ) गाउँ विकास समितिले एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा आयोजनाहरूलाई समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी गाउँ परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ण) केन्द्रबाट प्राप्त मार्गदर्शन, राष्ट्रिय आवधिक योजना, जिल्ला आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य तथा क्षेत्रलाई योगदान पुग्ने गरी गाउँ विकास समितिले प्राथमिकता निर्धारण गरेको क्षेत्रमा लगानी सुनिश्चित गरेको हुनुपर्नेछ ।

(त) गाउँ विकास समितिले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम ऐनको दफा २२ को उपदफा (३) र नियमावलीको नियम ६६ को उपनियम (१०) बमोजिम पौष मसान्तभित्र गाउँ परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(२) नगरपालिकाको योजना तर्जुमा प्रक्रिया ऐनको दफा १११ को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाले ऐनको दफा ११२ बमोजिम नगरपालिकाको नगर पार्श्वचित्र तथा स्रोत नक्सा तयार गरी नियमित रूपमा अद्यावधिक गरी सोको आधारमा आवधिक योजना तयार गर्नुपर्नेछ ।

(ख) ऐनको दफा १२५ बमोजिम नगरपालिकाको कोषमा प्राप्त सबै प्रकारका रकमलाई एकीकृत गरी एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तयार भएको भए त्यसले निर्धारण गरेका प्राथमिकताका आधारमा सरोकारवाला व्यक्तिहरू समेत संलग्न गराई एकीकृत योजना तर्जुमा समितिको बैठकबाट प्राथमिकता निर्धारण र विषयगत क्षेत्र अनुसार बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।

(ग) केन्द्रबाट प्राप्त मार्गदर्शन, राष्ट्रिय आवधिक योजना, जिल्ला आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य तथा क्षेत्रलाई योगदान पुग्ने गरी नगरपालिकाले प्राथमिकता निर्धारण गरेको क्षेत्रमा लगानी सुनिश्चित गरी नगरपालिकाको कोषमा प्राप्त हुने रकमलाई कार्यविधिको दफा ९, १०, ११ र १२ बमोजिमका क्षेत्रहरूमा लगानी गर्न क्षेत्रगत प्रक्षेपण गर्नुपर्नेछ ।

(घ) बजेट पूर्वानुमान तयार गरिसकेपछि आयोजना छनौटका आधारसमेत खुलाई वडागत रूपमा कार्यक्रम वा आयोजनाको छनौट गरी पठाउन सम्बन्धित वडालाई जानकारी गराउनु पर्नेछ ।

(ङ) बजेट पूर्वानुमान पठाउँदा पिछडिएका टोल वा बस्तीको वर्गीकरण अनुसार लगानी केन्द्रित गरी त्यस्ता टोलका बासिन्दालाई विकासमा मूलप्रवाहीकरण गर्न रणनीति एवम् लगानीका क्षेत्रसँग समेत समन्वय गरी पठाउनु पर्नेछ ।

(च) लाभान्वित समूह (उपभोक्ता समूह र सामुदायिक संस्था) बाट कार्यक्रम वा आयोजना प्रस्ताव पेश गर्दा आँफूले परिचालन गर्न सक्ने स्रोत तथा जनसहभागिताको किसिम वा परिमाण र आयोजनाको दीगो सञ्चालन तथा मर्मत सम्भारसम्वन्धी व्यवस्था स्पष्ट रूपले खुलाउनुपर्नेछ ।

(छ) बजेट पूर्वानुमान बमोजिम कुन विषयगत वा भौगोलिक क्षेत्रमा कतिसम्म लगानी गर्न सकिने हो सोको बारेमा स्थानीय सञ्चारका माध्यम एवम् सामाजिक परिचालक मार्फत समुदायस्तरमा जानकारी गराउनु पर्नेछ ।

(ज) योजना तर्जुमा प्रक्रिया टोल वा बस्तीस्तरबाट सुरू हुनेछ । टोल वा बस्तीमा बसोवास गर्ने नागरिकहरू विशेष गरेर अति विपन्न एवम् पिछडिएका लक्षित समूह एवम् वडा नागरिक मञ्च र सामुदायिक संस्थाहरू समेतको संयुक्त भेलाले पहिचान गरेका कार्यक्रम वा आयोजनाहरूको सूची तयार गर्नु पर्नेछ । यसरी सूचि तयार गर्दा सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(झ) आफ्नो वडाभित्रका समुदायहरूबाट प्राप्त सूचीहरूलाई वडा नागरिक मञ्च, टोल विकास संस्थाले समूहीकृत र एकीकृत गरी वडा समितिमा सिफारिस गरी पठाउने छ ।

(ञ) वडा नागरिक मञ्चबाट प्राप्त कार्यक्रम वा आयोजनाहरूलाई वडा समितिले विभिन्न कार्यक्रमहरू बीचको अन्तरसम्बन्ध कायम हुने गरी प्राथमिकताक्रम निर्धारण गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । तर वडा समिति क्रियाशील नभएको अवस्थामा वडा नागरिक मञ्चले नै आयोजना प्राथमिकीकरण गर्नेछ ।

(ट) नगरपालिकाले एकीकृत योजना तर्जुमा समितिमा प्रस्तुत गर्नु अगावै ऐनको दफा ९५ र नियमावलीको नियम ११७ र ११८ को परिधिभित्र रही विषयगत निकायका प्रमुखहरू, गैर सरकारी संस्था, सामुदायिक संस्था एवम् राजनैतिक दलका प्रतिनिधिहरूसमेत रहेका विषयगत योजना तर्जुमा समिति गठन गरी त्यस्ता समितिबाट आवश्यक सिफारिश र क्षेत्रगत प्राथमिकताको सूची लिनुपर्नेछ ।

(ठ) कार्यक्रम र बजेट स्वीकृति गर्दा नगरपालिकामा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरू कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका तयार गर्नुपर्नेछ ।

(ड) विषयगत समितिबाट प्राथमिकताक्रमको निर्धारण भई आएका कार्यक्रम वा आयोजनाहरूको सूची एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नुपर्नेछ ।

(ढ) नगरपालिकाले एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा आयोजनाहरू समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी नगर परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ण) योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागितालाई सुनिश्चित गराउनु पर्नेछ ।

(त) नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समावेशी र सहभागितामूलक पद्धतिबाट तयार गरी चालू आर्थिक वर्षको पौष मसान्तभित्र नगरपरिषद्बाट पारित गराई सक्नुपर्नेछ ।

(३) जिल्ला विकास समितिको योजना तर्जुमा प्रक्रिया ऐनको दफा १९५ को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अगावै ऐनको दफा १९६ र २२१ अनुसार जिल्ला विकास समिति कोषमा प्राप्त सबै प्रकारका रकमलाई एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तयार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकता र भौगोलिक क्षेत्रका आधारमा प्राथमिकता निर्धारण र विषयगत क्षेत्र अनुसार बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।

(ख) तोकिएको समयभित्र केन्द्रबाट बजेट पूर्वानुमान प्राप्त नभएमा चालू आर्थिक वर्षको वार्षिक बजेटलाई आधार मानी पूर्वानुमान गर्न सकिनेछ । बजेट पूर्वानुमान प्राप्त भएपछि प्राप्त पूर्वानुमानको आधारमा समायोजन गर्न सकिनेछ ।

(ग) जिल्ला विकास कोषमा प्राप्त हुने रकमलाई यस कार्यविधिमा उल्लेख भएका क्षेत्रहरूमा लगानी गर्न प्रक्षेपण गर्नुपर्नेछ ।

(घ) ऐनको दफा १९७, र नियमावलीको नियम, १९९ बमोजिम समावेशी एवम् सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

(ङ.) केन्द्रबाट प्राप्त मार्गदर्शन, राष्ट्रिय आवधिक योजना, जिल्ला आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य तथा क्षेत्रलाई योगदान पुग्ने गरी जिल्लाले प्राथमिकता निर्धारण गरेको क्षेत्रमा लगानी सुनिश्चित गरेको हुनुपर्नेछ ।

(च) योजना तर्जुमाको चरणमा कार्यक्रम वा आयोजनासँग सम्बन्धित निर्देशन एवम् कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम वा आयोजना तर्जुमा गर्नुपर्नेछ ।

(छ) जिल्ला विकास समितिले इलाकास्तर, गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालय, गैरसरकारी संस्था, निजीक्षेत्र वा अन्य निकायबाट प्राप्त आयोजनाहरूलाई विषयगत रूपमा विषयगत योजना तर्जुमा समितिको बैठकमा पेश गर्न सम्बन्धित समितिका सदस्य सचिवलाई सूची उपलव्ध गराउनु पर्नेछ ।

(ज) सम्बन्धित विषयगत योजना तर्जुमा समितिले प्राप्त आयोजनाहरू बजेट सीमा र मार्गदर्शनको अधीनमा रही क्षेत्रगत प्राथमिकीकरणको मस्यौदा तयार गरी पेश गर्नुपर्नेछ ।

(झ) ऐनको दफा १९८ र नियमावलीको नियम २०४ बमोजिम गठित एकीकृत योजना तर्जुमा समितिलाई महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तीको समेत प्रतिनिधित्व गराई समावेशी गराउनु पर्नेछ ।

(ञ) एकीकृत योजना तर्जुमा समितिले विषयगत योजना तर्जुमा समितिबाट प्राप्त योजनाको सूचीलाई जिल्लाको विकासको मूल लक्ष्यमा पुऱ्याउने योगदान, आयोजनाहरू बीचको अन्तरसम्वन्ध, परिपूरकता, दोहोरोपना र सामाजिक समावेशीकरणजस्ता पक्षहरूको विश्लेषण गरी वार्षिक जिल्ला विकास योजनाको अन्तिम मस्यौदा तयार गर्नेछ ।

(ट) कार्यक्रम र बजेट स्वीकृत गर्दा जिल्लामा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरू कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका तयार गर्नुपर्नेछ ।

(ठ) कार्यक्रम वा आयोजना तर्जुमा गर्दा सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्गको बाहुल्य भएको स्थानलाई लक्षित गरी प्राथमिकताकासाथ गर्नुपर्नेछ । साथै भौगोलिक दृष्टिले विकट एवम् सेवा पहुँचबाट वन्चित क्षेत्रलाई समेत प्राथमिकता दिनुपर्नेछ । यसका लागि सामाजिक परिचालनका माध्यमबाट माग गरिएका कार्यक्रम वा आयोजनाहरूलाई प्राथमिकताकासाथ सम्बोधन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ड) योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागितालाई सुनिश्चित गराउनु पर्नेछ ।

(ढ) ऐनको दफा १९८ बमोजिम एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा आयोजनाहरू समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी फागुन मसान्त भित्र जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(४) स्थानीय निकायको परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत भई सकेपछि संशोधन गर्न पाइने छैन ।

(५) सहभागितामूलक योजना तर्जुमाको चरण र प्रक्रिया अनुसूची-११ बमोजिम हुनेछ ।

२१. **अन्तर निकाय समन्वयः** (१) पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका अन्य विषयहरूमा एक भन्दा बढी गाउँ विकास समिति र नगरपालिका लाभान्वित हुने देखिएमा नियमावलीको नियम २७३ (ग) बमोजिमको स्थानीय निकाय संयुक्त समिति गठन गरी कार्य गर्न सकिनेछ । यस्तो अवस्थामा जिल्ला विकास समितिले आवश्यक सहजीकरण गर्न सक्नेछ ।

(२) वार्षिक कार्यक्रम तर्जुमा एवम् सञ्चालन गर्दा स्थानीय निकायले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरू र अन्तर स्थानीय निकायको सहयोग लिन सक्नेछ । यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु त्यस्ता निकायहरूको कर्तव्य हुनेछ ।

२२. **सम्भाव्यता अध्ययन :** (१) स्थानीय निकायले एक करोड भन्दा बढी लागतका भौतिक पूर्वाधारका आयोजनाहरूको स्थानीय निकायको परिषद्वाट स्वीकृत हुनु अगाडि नै सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दीगोपनासम्बन्धी न्यूनतम विषयहरू प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद - ४
## कार्यक्रम वा आयोजना सञ्चालन एवम् व्यवस्थापन

२३. **कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया :** (१) गाउँ विकास समितिको स्वीकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा ४८ र ४९, नियमावलीको नियम ६७, नगरपालिकाको स्वीकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा ११७, नियमावलीको नियम १३७ र जिल्ला विकास समितिको स्वीकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा २०५, नियमावलीको नियम २०० को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक प्रशासन नियमावलीको परिच्छेद-५ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) स्थानीय निकायबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । साथै यस कार्यविधिको दफा २५ को उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सकिनेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसक्नु पर्नेछ ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्कीशून्य अभियानको शुरूआत गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेरमात्र सञ्चालन गर्नु पर्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(झ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय निकायबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैंङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा स्थानीय निकायले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ) स्थानीय निकायबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी सम्बन्धित सचिवको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग स्थानीय निकायले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) गाउँ विकास समिति र नगरपालिकाले दुई लाख रूपैयाँभन्दा माथिका आयोजना र जिल्ला विकास समितिले तीन लाखभन्दा माथिका आयोजनाको अनुसूची-१२ बमोजिम आयोजनाको लगत खाता राख्नु पर्नेछ ।

(त) स्थानीय निकायबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रूपैयाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी नियमावलीको अनुसूची- ३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसंहिता लगायतका कुराहरू स्थानीय निकायले थप गर्नुपर्नेछ ।

२४. **<u>आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय निकायले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन स्थानीय निकायको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(२) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरू नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार  स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नुपर्नेछ ।

२५. **उपभोक्ता समिति सम्बन्धी व्यवस्था :** उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा गाउँ विकास समितिको हकमा ऐनको दफा ४८ र ४९ एवम् नियमावलीको नियम ६७, नगरपालिकाको हकमा ऐनको दफा ११६ र ११७ एवम् नियमावलीको नियम १३७ र जिल्ला विकास समितिको हकमा ऐनको दफा २०८ र २०९ एवम् आर्थिक प्रशासन नियमावलीको नियम १५५ र १५६ समेतका आधारमा देहाय बमोजिमका प्रावधानहरू समेत पालना गर्नु पर्नेछ :-

१) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२) स्थानीय निकायका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय निकायको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

३) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

५) उपभोक्ता समिति गठन गर्दा स्थानीय निकायले तोकेको कर्मचारी वा सामाजिक परिचालकको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा पेश गर्नुपर्नेछ ।

६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

७) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय निकायलाई गराउनु पर्नेछ ।

८) स्थानीय निकायबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय निकायले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

९) स्थानीय निकायले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोनुपर्ने सहभागिता बापतको रकम सम्बन्धित स्थानीय निकायको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय निकायले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि स्थानीय निकायले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन । महानगरपालिका र उपमहानगरपालिकाको हकमा उपरोक्त अनुसारको लागत सहभागिता नगदै जुटाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१०) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

१२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१३) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालककहरूको तीनपुस्ते खुलाई आयोजना खाता र स्थानीय निकायमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

१४) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-१३ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र स्थानीय निकायलाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

१५) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा जिल्ला विकास समिति र नगरपालिकाको हकमा बैंक मार्फत र गाउँ विकास समितिको हकमा सम्भव भएसम्म बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

१६) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

१८) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

१९) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-१४ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय निकायमा पठाउनु पर्नेछ ।

२०) स्थानीय निकायले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी अनुसूची-१५ बमोजिम लगत व्यवस्थित गर्नुपर्नेछ ।

२१) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि स्थानीय निकायको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

२२) स्थानीय निकाय र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

२३) उपभोक्ता समितिलाई सम्बन्धित स्थानीय निकायले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । स्थानीय निकायबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

२४) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित स्थानीय निकायको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

२५) उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित स्थानीय निकायलाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण स्थानीय निकायमा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

२६) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्दछ ।

२७) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्वन्धित स्थानीय निकायले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

२८) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय निकायको हुनेछ ।

२९) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित स्थानीय निकायमा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

३०) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय निकायका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

३१) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा सम्बन्धित स्थानीय निकायको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी सम्बन्धित स्थानीय निकायबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

३२) स्थानीय निकाय आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

३३) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

३४) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई परिषद्को निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

३५) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला र वडा नागरिक मञ्चबाट एकजना प्रतिनिधि समेत रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा स्थानीय निकायसँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र स्थानीय निकायलाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(ङ) सम्वन्धित स्थानीय निकायले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

(च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित स्थानीय निकायलाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र स्थानीय निकायमा पेश गर्ने तथा उपभोक्ता समितिले स्थानीय निकायसँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित स्थानीय निकायमा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

२६. **सार्वजनिक निजी साझेदारी** : (१) स्थानीय निकायले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न स्थानीय निकायले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि (स्थानीय निकायको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) स्थानीय निकायले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

२७. **ठेक्कापट्टासम्बन्धी व्यवस्था** : उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको स्थानीय निकायले प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

२८. **सडक निर्माणसम्बन्धी विशेष व्यवस्था** : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनु पर्नेछ ।

(३) जिल्ला विकास समिति र नगरपालिकाको हकमा नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा जिल्ला यातायात गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमश: निर्माण कार्य गर्नुपर्नेछ । साथै नयाँ ट्र्याक खोल्दा सडकसम्बन्धी सशर्त अनुदान बाहेक अन्य रकमबाट लगानी गर्न पाइने छैन ।

(४) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनु पर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ को परिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(५) स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकाय लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

(६) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा स्थानीय निकायको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

(७) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

२९. **आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची-१६ बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय निकायबाट थप लगानी हुने छैन ।

**३०. जनसहभागिता एवम् लागत सहभागिता :** (१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय निकायको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र स्थानीय निकायले अवलम्वन गरेको नीतिका अधीनमा रही गाउँ विकास समिति र जिल्ला विकास समितिको हकमा दश प्रतिशत र नगरपालिकाको हकमा पन्ध्र प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ ।

तर सम्बन्धित स्थानीय निकायबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

**३१. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :** स्थानीय निकायको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :-

| सि.नं. | कार्यहरू | समय तालिका |
|---|---|---|
| १. | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती । | श्रावण मसान्तभित्र । |
| २. | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश । | वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र । |
| ३. | आयोजना सम्पन्न गर्ने अवधि । | ज्येष्ठ मसान्तभित्र । |
| ४. | जाँचपास र फरफारक । | आयोजना सम्पन्न भएको ३० दिनभित्र । |
| ५. | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा परिषद्बाट पारित गर्ने । | गाउँ विकास समिति र नगरपालिकाले पुस मसान्तभित्र र जिल्ला विकास समितिले फागुन मसान्तभित्र । |

**३२. कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :** स्थानीय निकायबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजनैतिक दल, सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

## परिच्छेद – ५

## अनुगमन एवम् मूल्याङ्कन

३३. **सुपरिवेक्षण तथा अनुगमन समिति :** (१) गाउँ विकास समितिले गाउँ विकास क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँ सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारी - संयोजक

(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि - सदस्य

(ग) वडा नागरिक मञ्च मध्येबाट कम्तीमा एक महिला सहित दुईजना प्रतिनिधि - सदस्य

(घ) नागरिक सचेतना केन्द्रबाट एकजना महिला प्रतिनिधि - सदस्य

(ङ) संयोजकले तोकेको विषयगत इलाका वा गाउँस्तरको कार्यालयको प्रमुख एकजना – सदस्य

(च) प्राविधिक कर्मचारी (उपलव्ध भएसम्म) - सदस्य

(छ) गाउँ विकास समितिको सचिव वा निजले तोकेको एकजना कर्मचारी – सदस्य सचिव

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगर सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्नेछ :–

(क) नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारी - संयोजक

(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि - सदस्य

(घ) वडा नागरिक मञ्चबाट एक महिला सहित दुईजना प्रतिनिधि – सदस्य

(ङ) नागरिक सचेतना केन्द्रबाट महिला प्रतिनिधि एकजना - सदस्य

(च) संयोजकले तोकेको विषयगत कार्यालयको प्रतिनिधि एकजना – सदस्य

(छ) संयोजकले तोकेको प्राविधिक कर्मचारी एकजना – सदस्य

(ज) उद्योग वाणिज्य संघ जिल्ला वा नगर समितिका प्रतिनिधि एकजना – सदस्य

(झ) नगरपालिकाका कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

(३) जिल्ला विकास समितिले जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको जिल्ला सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्नेछ :-

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको पदाधिकारी - संयोजक

(ख) राजनैतिक दलहरूमध्येबाट एक महिला सहित बढीमा तीनजना प्रतिनिधि - सदस्य

(ग) स्थानीय विकास अधिकारी - सदस्य

(घ) विषयगत कार्यालय मध्येबाट संयोजकले तोकको दुईजना कार्यालय प्रमुख - सदस्य

(ङ) जिल्ला प्राविधिक कार्यालयका प्रमुख - सदस्य

(च) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि - सदस्य

(छ) उद्योग वाणिज्य संघ, जिल्ला शाखाको प्रतिनिधि - सदस्य

(ज) गैरसरकारी संस्था महासंघ, जिल्ला समन्वय समितिको प्रमुख - सदस्य

(झ) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत - सदस्य सचिव

(४) उपदफा (१) (२) र (३) अनुसार गठन हुने सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।

(५) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा स्थानीय निकाय प्रमुख समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि स्थानीय निकायको बैठकमा छलफल गर्नुपर्नेछ । साथै गाउँ विकास समिति र नगरपालिकाको हकमा एकीकृत योजना तर्जुमा समिति बैठकमा छलफल गर्नुपर्नेछ ।

(६) स्थानीय निकायले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।

(७) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(८) समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

(९) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय निकायको समिति बैठक वा परिषद्बाट तोकिए बमोजिम हुनेछ ।

(१०) स्थानीय निकायको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

(११) उपदफा (१) को खण्ड (ख), उपदफा (२) को खण्ड (ख) र उपदफा (३) को खण्ड (ख) बमोजिमका प्रतिनिधिहरू आलोपालो आधारमा सहभागिता गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

३४. **अनुगमनसम्बन्धी थप व्यवस्था :** (१) स्थानीय निकायले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण परिषद्मा छलफल गराई सोको प्रतिवेदन गाउँ विकास समितिले जिल्ला विकास समितिमा र नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको नमूनाको रूपमा केही स्थानीय निकाय छनौट गरी सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन एवम् मूल्याङ्कन गर्न गराउन सक्नेछ ।

(३) स्थानीय निकायको क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा "स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण कार्यविधि, २०६४" बमोजिम गर्नुपर्नेछ ।

**३५. <u>आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :</u>** (१) स्थानीय निकायले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) स्थानीय निकायले विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) स्थानीय निकायले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ। फरफारक भएका आयोजनाहरूको सम्बन्धित स्थानीय निकायको परिषद्बाट अनुमोदन गराउनु पर्नेछ ।

**३६. <u>प्रगति प्रतिवेदन एवम् समीक्षासम्बन्धी व्यवस्था :</u>** (१) स्थानीय निकायले ऐन, नियम बमोजिम कार्यक्रम वा आयोजनाहरूको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा एवम् मूल्यांकन गर्नुपर्नेछ ।

(२) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रगति प्रतिवेदन एवम् समीक्षा देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय निकायको परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति गाउँ विकास समितिले जिल्ला विकास समितिको कार्यालयमा र नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयमा पठाउने जिम्मेवारी सम्बन्धित सचिवको हुनेछ ।

(ख) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा गर्नुपर्नेछ ।

(ग) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदन अनुसूची-१७, १७.१, १७.२, १७.३ र १७.४ बमोजिमको ढाँचामा तथा अन्य विवरण गाउँ विकास समितिले जिल्ला विकास समितिमा तथा नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयको सम्बन्धित शाखामा देहायको समयावधि भित्र पठाउनु पर्नेछ :-

| सि.नं | विवरण | गाउँ विकास समिति | नगरपालिका र जिल्ला विकास समिति |
|---|---|---|---|
| १ | मासिक प्रगति प्रतिवेदन । | प्रत्येक महिनाको पाँच गतेभित्र । | प्रत्येक महिनाको सात गतेभित्र । |
| २ | पहिलो चौमासिक प्रतिवेदन । | मंसिर पाँच गतेभित्र । | मंसिर सात गतेभित्र । |
| ३ | दोस्रो चौमासिक प्रतिवेदन । | चैत्र पाँच गतेभित्र । | चैत्र सात गतेभित्र । |
| ४ | तेस्रो/वार्षिक चौमासिक प्रतिवेदन । | श्रावण दश गतेभित्र । | श्रावण पन्ध्र गतेभित्र । |
| ५ | पूँजिगत अनुदान, क्षमता विकास अनुदान र सामाजिक परिचालन अनुदानबाट सञ्चालन गरिने आयोजनाहरूको आयोजना लगानी विवरण । | तयार भएको मितिले सात दिन भित्र । | तयार भएको मितिले सात दिन भित्र । |
| ६ | बोर्ड तथा परिषद्का निर्णयहरू । | निर्णय भएका मितिले सात दिन भित्र । | निर्णय भएका मितिले सात दिन भित्र । |
| ७ | आफ्नो क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रम वा आयोजनाहरूको एकीकृत रूपमा सूचनामूलक वार्षिक प्रतिवेदन । | आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र । | आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र । |
| ८ | अनुसूची १७ (१) बमोजिमको वित्तीय प्रतिवेदन | महिना समाप्त भएको पाँच दिन भित्र । | महिना समाप्त भएको सात दिन भित्र । |
| ९ | वार्षिक आर्थिक विवरण । | | आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र । |
| १० | आन्तरिक लेखापरीक्षण प्रतिवेदन । | | प्रत्येक चौमासिक अवधि समाप्त भएको एक महिनाभित्र । |
| ११ | गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन । | | चालू आर्थिक वर्षभित्र । |

३७. **प्रभाव अध्ययन** : नगरपालिका र जिल्ला विकास समितिबाट सञ्चालित दुई करोडभन्दा बढी लागतका कार्यक्रम वा आयोजना सम्पन्न भएको तीन वर्षपछि कम्तीमा दुई वटा आयोजनाको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मूल्याङ्कनबाट सिकिएका पाठहरूलाई नयाँ कार्यक्रम वा आयोजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषणको रूपमा लिने पद्दतिको विकास गर्नुपर्नेछ।

३८. **मूल्याङ्कन तथा पुरस्कारसम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा न्यूनतम शर्त र कार्यसम्पादन मूल्याङ्कन समेतको आधारमा मन्त्रालयले जिल्ला विकास समिति र नगरपालिकाको तथा मन्त्रालयले तोके बमोजिम जिल्ला विकास समितिले गाउँ विकास समितिको मूल्याङ्कन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समेतका आधारमा मन्त्रालयले सम्बन्धित स्थानीय निकाय र त्यस्तो निकायको कार्यालयका उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गाउँ विकास समितिको न्यूनतम शर्त मापन समेतको परिणामको आधारमा जिल्ला विकास समितिले गाउँ विकास समितिका कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

(४) स्थानीय निकायले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद – ६

## बजेट अख्तियारी र निकासा प्रक्रिया

३९. **बजेट अख्तियारी र निकासासम्बन्धी व्यवस्था :** (१) गाउँ विकास समितिको बजेट अख्तियारी र निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समिति अनुदान रकमको अख्तियारी मन्त्रालयको सिफारिशमा अर्थ मन्त्रालयबाट स्थानीय विकास अधिकारीको नाममा जानेछ ।

(ख) स्थानीय विकास अधिकारीले आँफूलाई प्राप्त भएको मितिले सात दिनभित्र गाउँ विकास समितिको सचिवलाई अख्तियारी पठाउनु पर्नेछ । अख्तियारी पठाउँदा केन्द्रबाट प्राप्त मार्गदर्शन र शर्तहरू सहित जिल्ला विकास समितिले थप मार्गदर्शन वा शर्तहरू भए सोसमेत उल्लेख गरी पठाउनु पर्नेछ ।

(ग) जिल्लास्थित विषयगत कार्यालयले विषयगत क्षेत्रको कार्यक्रम सञ्चालन गर्न गाउँ विकास समितिका सचिवलाई अख्तियारी पठाउन सक्नेछन् ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समितिको अनुदान रकम सम्बन्धित गाउँ विकास समितिको कोषमा स्थानीय विकास अधिकारीको सिफारिसमा सोझै निकासा पठाउनु पर्नेछ ।

(३) गाउँ विकास समितिले विनियोजित अनुदान रकम चालू र पूँजिगत खर्चमा वर्गीकरण गरी चौमासिक रूपमा निकासाको लागि जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) गाउँ विकास समितिले पूँजिगत खर्चतर्फ प्रथम चौमासिक रकम निकासा माग गर्दा देहायको विवरण तथा कागजात जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ :-

(क) अनुसूची-१८ बमोजिमको चौमासिक निकासा मागपत्र,

(ख) अनुसूची-१९ बमोजिमको गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र कार्यक्रम वा आयोजनाको विवरण,

(ग) अनुसूची-२० बमोजिमको सम्पन्न र क्रमागत आयोजनाहरूको वार्षिक प्रगति विवरण,

(घ) अनुसूची-२१ र २७ बमोजिमको पेश्की र बेरूजुको विवरण, र

(ङ) गत आर्थिक वर्षभन्दा एकवर्ष अगाडिको अन्तिम लेखा परीक्षणको प्रतिवेदन,

(५) गाउँ विकास समितिले पूँजिगत खर्चतर्फ दोस्रो चौमासिक रकम माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(क) अनुसूची-२१ बमोजिमको पेश्की विवरण ।

(ख) अनुसूची-१७.२ बमोजिमको प्रथम चौमासिक रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

(६) गाउँ विकास समितिले पूँजिगत खर्च तर्फ तेस्रो चौमासिक रकम माग गर्दा देहायको विवरण तथा कागजात जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ :-

(क) प्रथम र दोस्रो चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति विवरण तथा अनुसूची-१७.२ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन ।

(ख) अनुसूची-२० बमोजिमको क्रमागत आयोजनाको प्रगति विवरण ।

(ग) अनुसूची-२१ बमोजिमको पेश्की विवरण ।

(घ) तेस्रो चौमासिक निकाशा हुनको लागि कूल पेश्कीको कम्तीमा पचास प्रतिशत पेश्की फछ्र्यौट भएको हुनुपर्नेछ ।

(ङ) गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

(७) उपर्युक्त बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले चौमासिक रकम माग गरेपछि तीन दिनभित्र स्थानीय विकास अधिकारीले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग चौमासिक रकम निकासाका लागि सिफारिश सहित माग गर्नुपर्नेछ । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले पनि तीन दिनभित्र चौमासिक रकम निकासा दिनुपर्नेछ ।

(८) माथिका खण्डहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने चालू खर्चको रकम स्थानीय विकास अधिकारीको सिफारिस तथा माग बमोजिम पहिलो, दोस्रो र तेस्रो चौमासिक निकासा दिनुपर्नेछ ।

(९) नगरपालिका अनुदानको अख्तियारीसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयको सिफारिसमा निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयबाट सोझै नगरपालिकालाई पठाईनेछ ।

(ख) स्थानीय विकास शुल्कको अख्तियारी मन्त्रालयबाट नगरपालिकामा पठाइनेछ ।

(ग) सर्शत अनुदानको हकमा मन्त्रालय तथा विषयगत मन्त्रालयबाट शर्त सहितको अख्तियारी नगरपालिकाको कोषमा जम्मा हुने गरी पठाउनु पर्नेछ ।

(घ) कार्यक्रम अनुदानको हकमा कार्यक्रम सहित कार्यक्रम र आयोजना किटान गरी कार्यक्रम वा आयोजनागत अनुदानको अख्तियारी पठाइनेछ ।

(ङ) जगेडा कोषको हकमा सम्बन्धित नगरपालिकाको मागको आधारमा जगेडाकोष सञ्चालन कार्यविधि बमोजिम आयोजनागत निकासा पठाइनेछ ।

(च) विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग भएको सम्झौताको आधारमा सम्झौताका शर्तसहित अख्तियारी पठाइनेछ ।

(१०) जिल्ला विकास समिति अनुदानको अख्तियारी र रकम निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयको सिफारिशमा निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयबाट सोझै जिल्ला विकास समितिलाई पठाइनेछ ।

(ख) सशर्त अनुदानको हकमा मन्त्रालय तथा विषयगत मन्त्रालयबाट शर्त सहितको अख्तियारी जिल्ला विकास कोषमा जम्मा हुने गरी पठाउनु पर्नेछ ।

(११) स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालय, विभाग, आयोग, समिति, प्रतिष्ठान वा यस्तै प्रकृतिका अन्य निकायबाट सम्बन्धित स्थानीय निकायको विकास कोषमा जम्मा हुने बाहेक अन्य छुट्टै कोष वा खातामा वा पदाधिकारीको नाममा अख्तियारी पठाउन पाइने छैन ।

(१२) विकास साझेदार एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग भएको सम्झौताको आधारमा सम्झौताका शर्त बमोजिम अख्तियारी पठाइनेछ ।

(१३) नेपाल सरकारका केन्द्रीय निकायबाट स्थानीय निकायले चालू आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी चैत्र मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाको नाममा अख्तियारी वा कुनै प्रकारको बजेट पठाइने छैन ।

(१४) गाउँ विकास समितिले ज्येष्ठ मसान्तपछि, नगरपालिका र जिल्ला विकास समितिले वैशाख मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन ।

## परिच्छेद – ७

## कोष व्यवस्थापन

४०. **गाउँ विकास कोष** : (१) गाउँ विकास समितिको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट ऐनको दफा ६० बमोजिम प्राप्त हुने सशर्त, निःशर्त अनुदान एवम् सबै प्रकारको रकमहरू,

(ख) जिल्ला विकास समिति र नगरपालिकाबाट प्राप्त हुने निःशर्त, सशर्त अनुदान तथा कार्यक्रम बजेट रकम,

(ग) जिल्ला विकास समितिले आफ्नो आम्दानी र राजस्व बाँडफाँडबाट उपलब्ध गराउने रकम,

(घ) विषयगत मन्त्रालयहरूबाट सशर्त, निःशर्त अनुदान तथा कार्यक्रम बजेटको रूपमा प्राप्त हुने रकम,

(ङ) विकास साझेदार तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट सोझै प्राप्त हुने रकम तथा कार्यक्रम बजेट,

(च) प्राविधिक सहयोग वापत प्राप्त हुने रकम,

(छ) निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका रकम वा सहयोग,

(ज) पेश्की र बेरूजु फछ्र्यौटबाट गाउँ विकास समितिलाई प्राप्त हुने रकम, र

(झ) गाउँ विकास समितिको कोषमा प्राप्त हुन आउने अन्य सबै प्रकारका रकम ।

४१. **गाउँ विकास कोष सञ्चालन र व्यवस्थापन** : गाउँ विकास समितिको कोषको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यविधिको दफा ४० बमोजिम प्राप्त हुन आउने रकम नेपाल सरकारबाट तोके बमोजिमको बैंकमा 'ग' समूहको खाता खोली राख्नुपर्नेछ ।

(ख) कोषमा प्राप्त हुने सबै प्रकारका रकमको स्रोत अनुसारको खाता वा सहायक खाता गाउँ विकास समितिले राख्नु पर्नेछ ।

(ग) चालू खर्च र पूँजिगत खर्चका लागि छुट्टाछुट्टै दुईवटा खाता राखी आर्थिक कारोबारको अभिलेख व्यवस्थित गर्नुपर्दछ । उक्त हिसाब मासिक रूपमा बैङ्क खातासँग मिलान गराउनु पर्नेछ ।

(घ) गाउँ विकास समितिको अध्यक्ष नभएसम्म गाउँ विकास समितिको खाता निम्न बमोजिम सञ्चालन हुनेछ :-

(अ) गाउँ विकास समितिका सचिव र गाउँ विकास समितिको लेखाका कर्मचारी भए दुवै जनाको संयुक्त दस्तखतबाट, वा

(आ) गाउँ विकास समितिका सचिव र सोही गाउँ विकास समिति भित्र रहेका वा नजिकमा रहेका नेपाल सरकारका अन्य विषयगत निकाय (रेन्जपोष्ट, कृषि, पशु सेवा, स्वास्थ्य, हुलाक आदि) मा कार्यरत सम्भव भएसम्म लेखाका कर्मचारीबाट र नभएमा स्थायी खरिदार वा सो भन्दा माथिल्लो पदका निजामति कर्मचारीको संयुक्त दस्तखतबाट, वा

(इ) जिल्ला विकास समितिको कार्यालयका योजना अनुगमन तथा प्रशासकस्य अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारी र सम्बन्धित गाउँ विकास समितिका सचिवको संयुक्त दस्तखतबाट ।

(ई) खण्ड (आ) बमोजिम खाता सञ्चालन हुने व्यवस्था कोष तथा लेखा नियन्त्रण कार्यालयको समन्वयमा सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारीले मिलाउनु पर्नेछ ।

(उ) माथि उल्लेखति बाहेक अन्य तवरबाट गाउँ विकास समितिको खाता सञ्चालन गर्न पाइने छैन ।

(ऊ) यसरी खाता सञ्चालन भएकोमा खाता सञ्चालन गर्ने उपर्युक्त कर्मचारीलाई आर्थिक कारोवार गर्ने अधिकारी सरह मानी निजले प्रचलित कानुन बमोजिम जिम्मेवारी र उत्तरदायित्व लिनु पर्नेछ ।

(ङ) आर्थिक प्रशासन नियमावलीको नियम ३३ बमोजिमको कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम व्याज आर्जन हुने खातामा व्यवस्थापन गर्न सकिनेछ ।

४२. **<u>नगरपालिकाको कोष</u>** : नगरपालिकाको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट ऐनको दफा १२५ बमोजिम प्राप्त हुने सर्शत, निःशर्त अनुदान एवम् सबै प्रकारका रकमहरू,

(ख) जिल्ला विकास समितिबाट प्राप्त हुने निःशर्त, सशर्त अनुदान, राजस्व बाँडफाँड तथा कार्यक्रम बजेट रकम,

(घ) विषयगत मन्त्रालयहरूबाट सर्शत, निःशर्त अनुदान तथा कार्यक्रम बजेटको रूपमा प्राप्त हुने रकम,

(ङ) विकास साझेदार तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने रकम तथा कार्यक्रम बजेट,

(च) प्राविधिक सहयोग वापत प्राप्त हुने रकम,

(छ) निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका रकम वा सहयोग,

(ज) पेश्की र बेरूजु फछ्र्यौटबाट नगरपालिकालाई प्राप्त हुने रकम, र

(झ) नगरपालिका कोषमा प्राप्त हुन आउने अन्य सबै प्रकारका रकम ।

४३. **नगरपालिकाको कोष सञ्चालन र व्यवस्थापन** : (१) नगरपालिका कोषको सञ्चालन ऐनको दफा १२६, आर्थिक प्रशासन नियमावलीको नियम २२ का अतिरिक्त देहायबमोजिम हुनेछ :-

(क) कोषमा जम्मा भएको रकमको स्रोत अनुसारको अभिलेख खाता र सहायक खाता खडा गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी गराई राख्नुपर्नेछ ।

(ख) एकीकृत सारांश विवरण खाता तयार गरी बैंक खातासँग मासिक रूपमा भिडान गरी मिलान गर्नुपर्नेछ । यसरी मिलान गरिएको हिसाव विवरण चौमासिक प्रगति फारामहरूसँगै मन्त्रालयको नगरपालिका व्यवस्था शाखामा पठाउनु पर्नेछ ।

(ग) जुनसुकै स्रोतबाट नगरपालिकामा प्राप्त रकम नगरपालिकाको मूल कोषमा जम्मा नगरी खर्च गर्न पाइने छैन ।

(घ) विषयगत कार्यालय, विकास साझेदार, जगेडा कोष लगायत विभिन्न निकायबाट अख्तियारीमा तोकिएको शर्त एवम् कार्यविधि बमोजिम प्राप्त हुने रकम सोही बमोजिम चालू खर्च तथा पूँजिगत खर्च खातामा जम्मा गरी खर्च गर्नुपर्नेछ ।

(२) नगरपालिका कोषको खाता व्यवस्थापन निम्न वमोजिम हुनेछ :

(क) नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त हुने सबै प्रकारका निःशर्त एवम् सशर्त अनुदान “ख” समूहको खातामा निकासा हुनेछ । यसरी “ग” समूहको खातामा स्थानान्तरण गर्दा चालू र पूँजिगत शीर्षकमा छुट्याइ खर्च गर्नुपर्नेछ । नगरपालिकाको कोष प्रवाह तालिका अनुसूची-२२ बमोजिम हुनेछ ।

तर एकल खाता कोष प्रणाली लागू भएका जिल्लामा “ख” समूहको खाता नरहने हुँदा अनुदान सीधै “ग” समूहको खातामा जम्मा गरी आर्थिक कारोवार गर्नु पर्नेछ ।

(ख) नगरपालिकाले आर्थिक कारोबार संचालनका लागि “ग” समूहको खाता बाहेक अन्य कुनै खाताबाट कारोबार गर्न पाउने छैन ।

(ग) आर्थिक प्रशासन नियमावलीको नियम ३३ (१) खण्ड (छ) बमोजिमको कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम व्याज आर्जन हुने खातामा व्यवस्थापन गर्न सकिनेछ ।

४४. **जिल्ला विकास कोष** : जिल्ला विकास कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट ऐनको दफा बमोजिम प्राप्त हुने सशर्त, निःशर्त अनुदान एवम् सबै प्रकारको रकमहरू,

(ख) जिल्ला विकास समितिको आफ्नो आम्दानी

(ग) राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम,

(घ) विषयगत मन्त्रालयहरूबाट सशर्त, निःशर्त अनुदान तथा कार्यक्रम बजेटको रूपमा प्राप्त हुने रकम,

(ङ) विकास साझेदार तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट सोझै प्राप्त हुने रकम तथा कार्यक्रम बजेट,

(च) प्राविधिक सहयोग वापत प्राप्त हुने रकम,

(छ) निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका रकम वा सहयोग,

(ज) पेश्की र बेरूजु फछ्र्यौटबाट जिल्ला विकास समितिलाई प्राप्त हुने रकम, र

(झ) जिल्ला विकास समितिको कोषमा प्राप्त हुन आउने अन्य सबै प्रकारका रकम ।

४५. **जिल्ला विकास कोष सञ्चालन र व्यवस्थापन** : (१) जिल्ला विकास कोषको सञ्चालन ऐनको दफा २२२, आर्थिक प्रशासन नियमावलीको नियम ४३ का अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) कोषमा जम्मा भएको रकमको स्रोत अनुसारको अभिलेख खाता र सहायक खाता खडा गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी गराई राख्नुपर्नेछ ।

(ख) वित्तीय प्रगति प्रतिवेदन तयार गरी बैंक खातासँग मासिक रूपमा भिडान गरी मिलान गर्नुपर्नेछ । यसरी मिलान गरिएको हिसाव विवरण चौमासिक प्रगति फारामहरूसँगै मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

(ग) जुनसुकै स्रोतबाट जिल्ला विकास समितिमा प्राप्त रकम जिल्ला विकास कोषको मूल खातामा जम्मा नगरी खर्च गर्न पाईने छैन ।

(घ) विषयगत कार्यालय, विकास साझेदार लगायत विभिन्न निकायबाट अख्तियारीमा तोकिएको शर्त एवम् कार्यविधि बमोजिम प्राप्त हुने रकम सोही बमोजिम चालू खर्च तथा पूँजिगत खर्च खातामा जम्मा गरी खर्च गर्नुपर्नेछ ।

(ङ) विषयगत कार्यालय वा अन्य निकायको नाममा जिल्ला विकास कोषमा प्राप्त रकम स्थानीय विकास अधिकारीले सम्बन्धित निकायबाट कार्यान्वयन गर्नेगरी अख्तियारी एवम् निकासा दिनु पर्नेछ ।

(२) जिल्ला विकास समितिको खाता व्यवस्थापन निम्न बमोजिम हुनेछ :

(क) जिल्ला विकास समितिलाई नेपाल सरकारवाट प्राप्त हुने सवै प्रकारका निःशर्त एवम् सशर्त अनुदान "ख" समूहको खातामा निकासा हुनेछ । "ख" समूहको खातावाट "ग" समूहको खातामा अनुसूची-२३ बमोजिमको जिल्ला विकास कोषको रकम प्रवाह तालिका अनुसार रकम स्थानान्तरण गरेरमात्र आर्थिक कारोबार गर्नुपर्नेछ । यसरी "ग" समूहको खातामा स्थानान्तरण गर्दा चालू र पूँजिगत शीर्षकमा छुट्याई खर्च गर्नुपर्नेछ ।

तर एकल खाता कोष प्रणाली लागू भएका जिल्लामा "ख" समूहको खाता नरहने हुँदा अनुदान सीधै "ग" समूहको खातामा जम्मा गर्नु पर्नेछ ।

(ख) जिल्ला विकास समितिले आर्थिक कारोबार सञ्चालनका लागि "ग" समूहको खाता बाहेक अन्य कुनै खाताबाट कारोबार गर्न पाउने छैन ।

(३) आर्थिक प्रशासन नियमावलीको नियम ३३ (१) (छ) बमोजिमको कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम व्याज आर्जन हुने खातामा व्यवस्थापन गर्न सकिनेछ ।

४६. **विशेष कोषसम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले आर्थिक प्रशासन नियमावलीको नियम ३३ मा व्यवस्था भए बमोजिम र जिल्ला विकास समितिले आर्थिक प्रशासन नियमावलीको नियम ५४ मा व्यवस्था भए बमोजिम सम्बन्धित परिषद्बाट कोष सञ्चालनसम्बन्धी विनियम स्वीकृत गराई विशेष कोषहरू स्थापना गर्न र त्यस्तो कोषमा रकम विनियोजन गर्न सक्नेछन् ।

(२) यस्तो कोषमा पूँजिगत रकम, लक्षित समूहका लागि छुट्याइएको रकम वा प्रवर्द्धनात्मक कार्यक्रमको लागि छुट्टाइएको रकमबाट सम्बन्धित निकायको परिषद्को निर्णय बमोजिम जम्मा गर्न सकिनेछ ।

(३) कोषको सञ्चालन तथा खर्चका प्रक्रियाहरू निर्धारण गर्दा कोषको उद्देश्यसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्नेछ । यस्तो कोषमा खर्च नभई बाँकी रहेको रकम सञ्चित हुँदै जानेछ ।

(४) यस्ता कोषमा जम्मा भएको रकम जुन प्रयोजनका लागि राखिएको हो सो बाहेक अन्य प्रयोजनमा वा आर्थिक सहायता, अनुदान वा चन्दा पुरस्कारजस्ता वितरणमुखी कार्यका लागि खर्च गर्न पाइने छैन ।

४७. **रकम फ्रिजसम्बन्धी व्यवस्था** : (१) सालतमाममा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) नेपाल सरकारबाट निकासा भएको सबै निःशर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगाडि नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक कारोवार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय निकायको मूल कोष खातामा फिर्ता गर्नुपर्नेछ । यसरी फिर्ता प्राप्त भएको रकममध्ये नेपाल सरकारबाट प्राप्त फ्रिज गर्न नपर्ने रकम र स्थानीय निकायको आन्तरिक आम्दानीको रकम, राजस्व बाँडफाँड बापत प्राप्त हुने रकम समेत आगामि आर्थिक वर्षको लागि जिम्मेवारी सारी लेखा राख्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम रकम फिर्ता प्राप्त भएपछि तोकिए बमोजिम फ्रिज गर्नुपर्ने रकम "ख" समूहको खातामा स्थानान्तरण गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

तर एकल खाता कोष प्रणाली लागू भएका जिल्लामा "ख" समूहको खाता नरहने हुँदा फ्रिज हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा फिर्ता गर्नुपर्नेछ ।

(२) सम्झौता भई सम्पन्न नभएका र दायित्व सिर्जना भएका क्रमागत आयोजनाको भुक्तानी दिन बाँकी रकमको विवरण प्रमाणित गराई राख्नु पर्नेछ ।

## परिच्छेद – ८

## लेखा र लेखापरीक्षण

४८. **लेखा व्यवस्थापन :** (१) गाउँ विकास समितिको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिले आर्थिक प्रशासन नियमावलीको नियम ३ को अधीनमा रही लेखा पालन सिद्धान्त अनुसार लेखा राख्नुपर्नेछ ।

(ख) आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र तोकिएको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरी जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ग) गाउँ विकास समितिले कारोबार रकमको दैनिक रूपमा अनुसुची-२४, २४.१, र २४.२ बमोजिमको ढाँचामा प्राप्ति तथा भुक्तानीको विवरण राख्नुपर्नेछ । उक्त लेखा अभिलेख यथासम्भव कम्प्यूटराईज्ड लेखा प्रणालीमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) गाउँ विकास समितिको सचिवले कोषमा प्राप्त हुने सबै प्रकारका रकमको स्रोत अनुसारको खाता वा सहायक खाता राख्नु पर्नेछ ।

(ङ) चालू खर्च र पूँजिगत खर्चका लागि छुट्टाछुट्टै दुईवटा खाता राखी आर्थिक कारोबारको अभिलेख व्यवस्थित गर्ने र उक्त हिसाब मासिक रूपमा बैंङ्क खातासँग मिलान गराउने दायित्व गाउँ विकास समितिका सचिवको हुनेछ ।

(च) खर्च व्यवस्थापन गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यकुशलता औचित्य र जवाफदेहिताको सिद्धान्तलाई अवलम्वन गर्दै आर्थिक प्रशासन नियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।

(छ) भौतिक पूर्वाधारतर्फका आयोजनाको हकमा प्राविधिकबाट स्थलगत अनुगमन सहितको प्रतिवेदन पेश नभएसम्म थप किस्ता निकासा दिन पाईने छैन । साथै पेश्की रकम माथि पुनः पेश्की दिन पाइने छैन ।

(२). गाउँ विकास समितिको लेखापरीक्षण देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) गाउँ विकास समितिको लेखापरीक्षण ऐनको दफा ६९ बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

(ख) जिल्ला विकास समितिको आन्तरिक लेखा परिक्षण शाखाले लेखापरीक्षण कार्ययोजना बनाई कम्तीमा चौमासिक रूपमा गाउँ विकास समितिको आन्तरिक लेखा परीक्षण सम्पन्न गर्नुपर्नेछ,।

(ग) अन्तिम लेखापरीक्षण गर्दा लेखा परीक्षकले गाउँ विकास समितिमै बसी आवश्यकता अनुसार आयोजनाहरूको स्थलगत निरीक्षण समेत गरी गर्नुपर्नेछ ।

(घ) गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण प्रतिवेदनलाई राजनैतिक दल, नागरिक समाज र अन्य सरोकारबालाको उपस्थितिमा गाउँ विकास समितिको अध्यक्ष वा निजले तोकेको पदाधिकारीले सार्वजनिक गर्नुपर्नेछ ।

(ङ) गाउँ विकास समितिले अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धित गाउँ परिषद्मा पेश गर्नुपर्नेछ ।

(च) काम भएको तर प्रमाण कागजात जुटाउन नसकेका कारणले बेरूजु फछ्र्यौट हुन नसकेका बेरूजुलाई नियमित गराउन गाउँ परिषद्ले गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ । यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(छ) गाउँ विकास समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन चित्तबुझ्दो नलागेमा सो विवरण खुलाई नेपाल चार्टड् एकाउन्टेन्ट संस्थामा लेखी पठाउन सक्नेछ र उक्त संस्थाको स्वीकृति लिई अर्को लेखापरीक्षक नियुक्ती गर्नसक्नेछ ।

(ज) गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा दर्ता भएको दर्तावाला लेखापरीक्षकबाट गराउनु पर्नेछ । तर सरकारी सेवा, सार्वजनिक संघ संस्था र जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीले गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण गर्न पाउने छैनन् ।

(३) नगरपालिकाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको आम्दानी खर्चको हिसाव कप्यूटराईज्ड प्रणालीमा आर्थिक प्रशासन नियमावलीको नियम १९ बमोजिम यस कार्यविधिको विभिन्न अनुसूचीमा उल्लिखित खाता, सहायक खाताहरूमा समेत प्रविष्टि गराई राख्नुपर्नेछ । साथै अनुसूची-२५ बमोजिमको क्षेत्रगत खर्च विवरण तयार गर्नुपर्नेछ ।

(ख) खर्च गर्दा स्वीकृत बजेट शीर्षकको सीमाभित्र रही खर्च व्यवस्थापन गर्नुपर्नेछ,

(ग) नगर क्षेत्रभित्र रहेका विषयगत कार्यालय, नगरपालिकाका सम्वन्धित विभाग,शाखा र वडाका कार्यक्रमलाई स्वीकृत विनियोजन रकम भित्र रही कार्यतालिका बमोजिम भुक्तानी दिनुपर्नेछ,

(घ) खर्च व्यवस्थापन गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यकुशलता औचित्य र जवाफदेहिताको सिद्धान्तलाई अवलम्वन गर्दै आर्थिक प्रशासन नियमावली बमोजिम खर्च गर्नुपर्नेछ,

(ङ) भौतिक पूर्वाधारतर्फका आयोजनाको हकमा प्राविधिकबाट स्थलगत अनुगमन सहितको प्रतिवेदन पेश नभएसम्म थप किस्ता निकासा दिन पाईने छैन । साथै पेश्की रकम माथि पुनः पेश्की दिन पाइने छैन ।

(४) नगरपालिकाको आर्थिक कारोबारको लेखापरीक्षण देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) नगरपालिकाको आन्तरिक तथा अन्तिम लेखापरीक्षण ऐनको दफा १३५ बमोजिम हुनेछ ।

(ख) नगरपालिकाको सम्पूर्ण आय-व्यय र धरौटीको स्रेस्ताको आन्तरिक लेखापरीक्षण आर्थिक प्रशासन नियमावलीको नियम ३७ बमोजिम मासिक रूपमा गर्नु पर्नेछ ।

(ग) गत आ.व.को अन्तिम लेखापरीक्षण चालू आ.व. भित्रै सम्पन्न गरी सक्नुपर्नेछ ।

(घ) लेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आवश्यकता अनुसार आयोजनाहरूको स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(ङ) नगरपालिकाको अन्तिम लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनलाई राजनैतिक दल, नागरिक समाज, स्थानीय पत्रकार र अन्य सरोकारवालाको उपस्थितिमा नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ ।

(च) नगरपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बद्ध नगर परिषद्मा पेश गर्नुपर्नेछ ।

(छ) काम भएको तर आवश्यक प्रमाण कागजात जुटाउन नसकेका कारणले बेरूजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई नियमित गराउन नगर परिषद्ले नगरपालिकालाई आवश्यक निर्देशन दिनसक्नेछ । यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(ज) नगरपालिका कोषको आन्तरिक लेखापरीक्षण प्रतिवेदन चौमासिक रूपमा र अन्तिम लेखा परीक्षण प्रतिवेदन वार्षिक रूपमा मन्त्रालयको नगरपालिका व्यवस्था शाखा तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

(झ) नगरपालिकाले अन्तिम लेखापरीक्षणबाट निस्केका बेरूजु सम्परीक्षण गराई नियमित गराउनु पर्नेछ ।

(५) जिल्ला विकास समितिको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाव कम्प्यूटराईज्ड लेखा प्रणालीमा र यस कार्यविधिको अनुसूचीमा उल्लिखित खाता, सहायक खाताहरूमा प्रविष्टि गराई राख्नुपर्नेछ । साथै अनुसूची-२४ (४) बमोजिमको क्षेत्रगत खर्च विवरण तयार गर्नुपर्नेछ ।

(ख) कार्यालयप्रमुख र लेखाप्रमुखले प्रत्येक महिनाको अन्त्यमा बैंक स्टेटमेन्टसँग भिडाई खाता प्रमाणित गरी राख्नुपर्नेछ ।

(ग) खर्च गर्दा स्वीकृत बजेट शीर्षकको सीमाभित्र रहीमात्र खर्च व्यवस्थापन गर्नुपर्नेछ ।

(घ) विषयगत कार्यालय, गाउँ विकास समिति एवम् अन्य निकायहरूलाई स्वीकृत कार्यक्रम आयोजना बमोजिम विनियोजन भएको रकमको सीमाभित्र रही समयमा नै कार्यतालिका बमोजिम निकासा दिनुपर्नेछ ।

(घ) खर्च व्यवस्थापन गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यकुशलता, औचित्य र जवाफदेहीताको सिद्धान्तलाई अवलम्वन गर्दै आर्थिक प्रशासन नियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।

(ङ) भौतिक पूर्वाधारतर्फका आयोजनाको हकमा प्राविधिकबाट स्थलगत अनुगमन सहितको प्रतिवेदन पेश नभएसम्म थप किस्ता निकासा दिन पाईने छैन । साथै पेश्की रकम माथि पुनः पेश्की दिन पाइने छैन ।

(च) कार्यालय प्रमुखले आफू सात दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहने अवस्थामा आफ्ना निकटतम मातहतका कर्मचारीबाट खाता सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) जिल्ला विकास समितिले आर्थिक प्रशासन नियमावलीको नियम ४० को अधीनमा रही लेखा पालन सिद्धान्त अनुसार लेखा राख्नुपर्नेछ ।

(ज) आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र तोकिएको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) जिल्ला विकास समितिको लेखापरीक्षण देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) जिल्ला विकास समितिको लेखापरीक्षण ऐनको दफा २३२ बमोजिम हुनेछ ।

(ख) आन्तरिक लेखापरीक्षण शाखाले मासिक रूपमा जिल्ला विकास कोष र निक्षेपण कार्यक्रमको लेखापरीक्षण सम्पन्न हुने गरी आन्तरिक लेखापरीक्षण कार्ययोजना बनाई लेखापरीक्षण गर्नु पर्नेछ ।

(ग) अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षकले आवश्यकता अनुसार आयोजनाहरूको स्थलगत निरीक्षण समेत गरी लेखापरीक्षण गर्न सक्नेछ।

(घ) अन्तिम लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनलाई राजनैतिक दल, नागरिक समाज, पत्रकार र अन्य सरोकारवालाको उपस्थितिमा जिल्ला विकास समितिले सार्वजनिक गर्नुपर्नेछ।

(ङ) जिल्ला विकास समितिले अन्तिम लेखा परीक्षण प्रतिवेदन जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ।

(च) काम भएको तर प्रमाण कागजात जुटाउन नसकेका कारणले बेरूजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रूजु तथा नियमित गराउन जिल्ला परिषद्ले जिल्ला विकास समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ। यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु जिल्ला विकास समितिको कर्तव्य हुनेछ।

(छ) जिल्ला विकास समितिले अन्तिम लेखा परीक्षणबाट निस्केको बेरूजु सम्परीक्षण गराई नियमित गराउनु पर्नेछ। नेपाल सरकारबाट जाने अनुदानको बेरूजु महालेखा परीक्षकको कार्यालय तथा आन्तरिक आयको बेरूजु जिल्ला परिषद् समक्ष सम्परीक्षणका लागि पेश गर्नुपर्नेछ।

(७) गाउँ विकास समिति र नगरपालिकाको लेखापरीक्षण गर्दा लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा कम्तीमा अनुसूची-२६ मा उल्लिखित विषयहरूमा राय व्यक्त गरेको हुनुपर्नेछ।

(८) नगरपालिका र जिल्ला विकास समितिले अनुसूची-२१ बमोजिम पेश्की र अनुसूची-२७ बमोजिम बेरूजुको अभिलेख राख्नुपर्नेछ।

## परिच्छेद – ९

## सुशासनसम्बन्धी व्यवस्था

४९. **उत्तरदायित्व सम्बन्धी व्यवस्था** : स्थानीय निकायको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेवारयुक्त बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :-

(१) "सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४" र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम राजनैतिक नेतृत्व र कर्मचारीबीच कार्य जिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

(२) कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ। यसरी जिम्मेवारी तोकेपछि सम्बन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तरसम्वन्ध स्थापित गर्नु पर्नेछ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरू अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्नुपर्नेछ।

(४) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरूप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न, आफ्ना कर्मचारी एवम् पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुको साथै कार्यालयको कार्य वातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ।

(५) नागरिकका लिखित वा मौखिक गुनासाहरूलाई प्राथमिकता दिई सम्वोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । जिम्मेवार कर्मचारीले प्राप्त गुनासा र सुनुवाई गरेको विवरण चौमासिक रूपमा समीक्षा बैठकमा पेश गर्नु पर्नेछ ।

(६) सूचनाको हकसम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(७) स्थानीय निकायले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(८) स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजीकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत् स्थानीय निकायको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गर्नेजस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(९) व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिशजस्ता विषयहरूलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) स्थानीय निकायको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित स्थानीय निकाय समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु सम्बन्धित स्थानीय निकायका प्रमुखको कर्तव्य हुनेछ ।

(११) स्थानीय निकायका कर्मचारीहरूको सम्पत्ति विवरण स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६४ को खण्ड (घ) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नुपर्नेछ ।

(१२) स्थानीय निकायका पदाधिकारी एवम् कर्मचारीहरूको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

**५०. <u>पारदर्शिता सम्बन्धी व्यवस्था</u> :** स्थानीय निकायले आफूले गरेका काम कारवाहीलाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(१) गाउँ विकास समितिले दुई लाख र नगरपालिका एवम् जिल्ला विकास समितिले पाँच लाख वा सोभन्दा बढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरूको आयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिताजस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नुपर्नेछ ।

(२) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ. एम. रेडियो मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्नुपर्नेछ ।

(३) स्थानीय निकायले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रूपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

(४) स्थानीय निकायको वित्तीय एवम् भौतिक प्रगतिबारे सर्वसाधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र मार्फत् आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको अनुसूची-२८ बमोजिम सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(६) स्थानीय निकायले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र समेतको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको भेला मार्फत् कम्तिमा वर्षको एक पटक सामाजिक परीक्षण गर्नुपर्नेछ । सामाजिक परीक्षण हुने स्थान र उपस्थितिसम्बन्धी सूचना व्यापकरूपमा प्रचार-प्रसार गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा जिल्ला विकास समितिले देहायका विषयहरू आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानीय वा राष्ट्रिय पत्रपत्रिका, एफ.एम. रेडियो लगायतका सञ्चार माध्यमहरूवाट सार्वजनिक गर्नुपर्नेछ :-

(क) आवधिक तथा वार्षिक योजनाहरू,

(ख) वार्षिक कार्यक्रम तथा बजेट,

(ग) सबै प्रकारका आम्दानी, खर्च र चौमासिक र वार्षिक प्रगति विवरणहरू,

(घ) नगर र जिल्लाको वस्तुस्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरू,

(ङ) नगरपालिका (बोर्ड), जिल्ला विकास समिति (बोर्ड) नगरपरिषद् र जिल्ला परिषद्का सम्पूर्ण निर्णयहरू,

(च) कार्यालयको संगठन संरचना, शाखागत जिम्मेबारी र सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण,

(छ) नगरपालिका, जिल्ला विकास समिति, नगरपरिषद वा जिल्ला परिषद्बाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि,

(ज) आफ्नो क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाहरूको विवरण,

(झ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदनहरू,

(ञ) सेवा प्रवाहसंग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरू,

(ट) सामाजिक सुरक्षा भत्ता तथा बाल संरक्षण अनुदान प्राप्त गरेका व्यक्तिहरूको नाम नामेसी सहितको विवरण,

(ठ) नागरिक बडापत्र, र

(ड) नगरपालिका तथा जिल्ला विकास समितिले आवश्यक ठानेका अन्य विवरणहरू ।

**५१. वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिस्क) न्यूनीकरणसम्बन्धी व्यवस्था :** स्थानीय निकायको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवम् विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरू न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(क) पूँजिगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा गरिएको खर्च र तोकिएको सीमा बाहिर गरेको कन्टिन्जेन्सी खर्चको निर्णय गर्ने पदाधिकारीबाट कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ख) उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ । लेखा दुरूस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ग) भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(घ) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ङ) स्थानीय निकायको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालना गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जवरजस्ती गर्नेजस्ता कानून विपरितका कार्यहरू निरूत्साहित गर्न स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(च) भौतिक एवम् वित्तीय प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने, सार्वजनिक परीक्षण, लैंगिक परीक्षण, सामाजिक परीक्षण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तोकिए बमोजिम सम्पन्न गराउने र तदनुरूप प्राप्त सुझावको कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय निकायका सचिवको हुनेछ ।

(छ) स्थानीय स्वायत्त शासन ऐन, नियम, प्रचलित कानून र यस कार्यविधि विपरित कुनै पनि कार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाहसम्बन्धी कार्य सञ्चालन गर्न पाईनेछैन ।

(ज) कार्यक्रम वा आयोजनाहरूको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रूपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नुपर्नेछ ।

(झ) नीतिगत एवम् कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचार र अख्तियारको दुरूपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(ञ) स्थानीय निकायको हित विपरित ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाइनेछैन ।

(ट) प्रत्येक आर्थिक वर्षको वैशाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाईने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई कानून बमोजिम कारबाही हुनेछ ।

(ठ) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने वा दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने-जस्ता कार्यहरू गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ ।

(ड) स्थानीय निकायको परिषद्बाट बार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रूपमा एकमुष्ट छुट्याउने वा अवण्डामा नराखी आयोजनागत रूपमा वजेट बाँडफाड गर्नुपर्नेछ ।

(ढ) स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वा अन्य कार्यान्वयन गर्ने निकायबाट दुरूपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा गुणस्तरीय तवरबाट काम नभएको वा कम परिमाणमा काम भएको पाइएमा त्यस्तो कार्यमा संलग्न प्राविधिक कर्मचारी, व्यक्ति, पदाधिकारी वा निकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ एवम् प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

५२. **पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने** : (१) देहायको अवस्थामा मन्त्रालयले स्थानीय निकायको पूँजिगत अनुदान कटौति वा रोक्का गर्न सक्नेछ :-

(क) कार्यविधिको दफा १३ अनुसार लगानी गर्न निषेध गरिएका विषय वा क्षेत्रमा बजेट विनियोजन वा खर्च गरेको प्रमाणित भएमा,

(ख) कार्यविधिको दफा ५२ को प्रतिकूल हुनेगरी काम कारबाही गरेको प्रमाणित भएमा,

(ग) कार्यविधि बमोजिम मन्त्रालयमा पठाउनु पर्ने आयोजना लगानी विवरण तालिका, मासिक वा चौमासिक एवम् वार्षिक प्रगति प्रतिवेदन र आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदन तोकिएको समयमै नपठाएमा,

(घ) वैशाख मसान्तपछि नयाँ कार्यक्रम वा आयोजना स्वीकृत गर्ने, रकम बाँडफाँड गर्ने, सम्झौता गर्ने वा पेश्की दिनेजस्ता कार्य गरेको पाइएमा,

(ङ) प्रचलित कानूनको उल्लंघन गरेमा वा मन्त्रालयबाट समय समयमा भएको निर्देशन पालना नगरेको पाइएमा,

(च) राजश्व बाँडफाँड अन्तर्गत उपलब्ध हुने रकमबाट कुनै पनि प्रकारको चालू खर्च शीर्षकमा रकम विनियोजन गरी खर्च गरेको पाइएमा ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम अनुदान रोक्का राख्नुपूर्व सम्बन्धित स्थानीय निकायसँग रोक्का राख्नु नपर्ने भए सोको चित्तबुझ्दो जबाफ माग गर्नुपर्नेछ । यसरी स्थानीय निकायबाट प्राप्त जबाफ समेतको आधारमा मन्त्रालयले अनुदान रोक्का राख्ने निर्णय गरेमा रोक्का राख्नुको कारण सहितको व्यहोरा सम्बन्धित स्थानीय निकायलाई लिखित रूपमा जानकारी गराउनुका साथै सार्वजनिक गर्नुपर्नेछ ।

(३) नगरपालिका र जिल्ला विकास समितिको हकमा वार्षिक रूपमा मूल्याङ्कन हुने न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजाका आधारमा र गाउँ विकास समितिको हकमा न्यूनतम शर्त मापन नतिजाको आधारमा निर्णय बमोजिमको रकम कटौति गर्न सकिनेछ ।

(४) विकास साझेदार र संघ सस्थाहरूबाट प्राप्त हुने सशर्त तथा निःशर्त अनुदान तोकिएका शर्त बमोजिम उपयोग नगरेको पाईएमा स्थानीय विकास मन्त्रालयले कुनै एक आर्थिक वर्ष वा कार्यक्रम अवधिभर नै आंशिक वा पूरै सशर्त तथा निःशर्त अनुदान रोक्का गरी कार्यक्रम बन्द गर्न सक्नेछ ।

## परिच्छेद – १०
## गाउँ विकास समितिसम्बन्धी विशेष व्यवस्था

५३. **प्राविधिक कर्मचारीसम्बन्धी व्यवस्था** : (१) गाउँ विकास समितिको लागि प्राविधिक कर्मचारीको व्यवस्थापन देहाय बमोजिम गर्न सकिनेछ :–

(क) गाउँ विकास समितिले गाउँ विकास समितिको कार्यालयमा प्राविधिक सहायक वा प्राविधिक कर्मचारी नभएको अवस्थामा प्राविधिक सेवाका लागि कम्तीमा असिस्टेन्ट सव ईन्जिनियर सरहको पदमा सेवा करारमा लिन सक्नेछ ।

(ख) गाउँ विकास समितिको प्राविधिक कार्यलाई सहज, मितव्ययी र सरलीकरण गर्न दुई वा दुईभन्दा बढी गाउँ विकास समितिले संयुक्त रूपमा प्राविधिकको सेवा लिने व्यवस्था मिलाउन प्राथमिकता दिनुपर्नेछ ।

(ग) गाउँ विकास समिति आफैंले प्राविधिकको व्यवस्था गर्न नसकेमा प्राविधिक सेवाका लागि जिल्ला विकास समितिमा अनुरोध गर्नुपर्नेछ त्यसरी अनुरोध भई आएमा जिल्ला विकास समितिले प्रत्येक गाउँ विकास समितिमा अलग-अलग वा भौगोलिक हिसाबले पायक मिल्ने दुईभन्दा बढी गाउँ विकास समितिको समूह बनाई प्राविधिक राख्ने व्यवस्था मिलाउन सक्नेछ । यसरी प्राविधिक सेवा उपलब्ध गराइएकोमा सोसम्बन्धी खर्च सम्बन्धित गाउँ विकास समितिबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) गाउँ विकास समितिको स्रोतबाट तलब भत्ता वा पारिश्रमिक बेहोर्ने गरी जिल्ला विकास समितिमा प्राविधिक कर्मचारी नियुक्त गरिएको भए त्यस्ता कर्मचारीलाई सम्बन्धित गाउँ विकास समितिमा हस्तान्तरण गरी ती कर्मचारीले पाउने सेवा सुविधा सम्बन्धित गाउँ विकास समितिले भुक्तानी दिनुपर्नेछ ।

(३) माथि उल्लेख भए अनुसारका प्राविधिक कर्मचारीको पारिश्रमिक वा दैनिक भ्रमणभत्ता आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) बाट वा प्रशासनिक खर्च शीर्षकबाट खर्च बेहोर्न सकिनेछ ।

५४. **<u>गाउँ विकास योजना सञ्चालनमा जिल्ला विकास समितिको भूमिका</u>** : गाउँ विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धिमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम राख्न जिल्ला विकास समितिले देहायको व्यवस्था गर्नुपर्नेछ :-

(१) कार्यविधि बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले सो अनुरूप गर्न गराउन सम्बन्धित गाउँ विकास समितिलाई ऐनको दफा ५० बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बिन्धत गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

(२) अन्तर स्थानीय निकायमा सञ्चालन हुने कुनै कार्यक्रममा समन्वय तथा सहजिकरण गरी देखा परेका समस्या समाधान गर्ने र सुचारू रूपमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

(३) गाउँ विकास समितिमा जाने गरी सिफारिश गरिएको रकमको छुट्टाछुट्टै रूपमा आम्दानी र खर्च विवरण राख्नुपर्नेछ ।

(४) यस कार्यविधि अनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(५) जिल्लाको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण राख्नुपर्नेछ ।

(६) गाउँ विकास समितिको आयोजना प्रक्रियामा जिल्ला तथा ईलाकास्तरका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(७) गाउँ विकास समितिका मानव संशाधन विकासका लागि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(८) ऐन, नियमावली, कार्यविधि, निर्देशिका बारे गाउँ विकास समितिका पदाधिकारी तथा कर्मचारीहरूका लागि अभिमुखीकरण तालिम अथवा गोष्ठी सञ्चालन गर्नेछ ।

(९) गाउँ विकास समितिहरूबाट विवरण संकलन गरी मासिक, चौमासिक र बार्षिक रूपमा तोकिएको ढाँचामा वित्तीय र भौतिक प्रगति मन्त्रालय र अन्य सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(१०) गाउँ विकास समिति अनुदान कार्यक्रमको सञ्चालन एवम् प्राथमिकता तोक्ने विषयमा विवाद सिर्जना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका विषयहरूमा जिल्ला विकास समितिले आवश्यक छानबिन गरी/गराई विवादको अन्तिम टुङ्गो लगाउनु पर्नेछ ।

(११) अनुगमनको सिलसिलामा आयोजनामा रकम दुरूपयोग भएको वा अनुमानित लागत अनुरूप काम नभएको देखिएमा वा प्रमाणित हुन आएमा आयोजनामा भएको दुरूपयोगको गाम्भीर्यता हेरी सुधारको लागि निर्देशन दिन, आंशिक मात्र रकम निकाशा सिफारिश गर्न वा काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछ ।

(१२) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण, वातावरणीय प्रवर्द्धन पक्षलाई पर्याप्त ध्यान दिए नदिएको अनुगमन गर्नेछ ।

**५५. <u>गाउँ विकास योजना सहजीकरण समिति</u> :** (१) गाउँ विकास समितिबाट सञ्चालन हुने आयोजना कार्यान्वयनमा सहजीकरणगर्न जिल्ला विकास समितिले देहाय बमोजिमको सहजीकरण समिति गठन गर्नेछ :-

(क) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत - संयोजक

(ख) स्थानीय विकास अधिकारीले तोकेको कर्मचारी एक जना - सदस्य

(ग) लेखासम्बन्धी काम गर्ने कर्मचारी एक जना - सदस्य,

(२) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतका जिल्ला सहजकर्तालाई र कार्यक्रम सम्बद्ध अन्य कर्मचारीलाई उक्त समितिमा आमन्त्रण गर्नुपर्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिबाट प्राप्त आयोजना लगानी विवरण खाताको अध्ययन गरी छनौट भई आएका आयोजनाहरू यस कार्यविधि बमोजिम छनौट भई आए नआएको परीक्षण गरी बजेट निकासाको लागि स्थानीय विकास अधिकारी समक्ष सिफारिश गर्ने,

(ख) तोकिएको समयभित्र बजेट निकासा भए नभएको हेरी नभएको अवस्थामा निकासाको लागि सहजीकरण गर्ने,

(ग) गाउँ विकास समितिका प्रगति प्रतिवेदनहरू संकलन गरी एकीकृत प्रगति तयार गर्ने,

(घ) गाउँ विकास समितिको क्षमता विकास एवम् सामाजिक परिचालनसम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने,

(ङ) गाउँ विकास समितिको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण प्रतिवेदन प्राप्त गरी आवश्यक सुझाव दिने, र

(च) गाउँ विकास समितिको आन्तरिक आयस्रोत वृद्धि गर्न सम्भाव्यता अध्ययन एवम् तदनुसार कार्यमा सहयोग गर्ने ।

## परिच्छेद – ११
## विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयनसम्बन्धी व्यवस्था

५६. **विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयन :** विकेन्द्रीकरणको भावना अनुरूप स्थानीय स्वायत्त शासन पद्धतिलाई स्थापित गर्नका लागि विषयगत क्षेत्रको निक्षेपण कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गर्नुपर्नेछ :-

(१) विषयगत क्षेत्रको निक्षेपण प्रभावकारी कार्यान्वयनको लागि स्थानीय निकायले निक्षेपित क्षेत्रसँग सम्बन्धित साझेदारहरूलाई निक्षेपित कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्नुपर्नेछ।

(२) निक्षेपित कार्यक्रम कार्यान्वयन गर्ने निकाय, सेवा प्रदायक र सम्वन्धित साझेदार संस्थाहरू बीच कार्यगत समन्वय कायम गरी परिपूरक उपलब्धि हासिल गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) विषयगत क्षेत्रका सशर्त अनुदानको लागि देहाय बमोजिमका स्रोतहरू व्यवस्था गरिने छ।

(क) नेपाल सरकारले स्थानीय निकाय मार्फत विषयगत कार्यालयबाट कार्यक्रम सञ्चालन हुने गरी उपलब्ध गराउने निक्षेपित कार्यक्रमको रकम।

(ख) स्थानीय निकायले आफ्नो स्रोतबाट विषयगत कार्यक्रमका लागि छुट्याउने रकम।

(ग) स्थानीय निकायहरूले नेपाल सरकारबाट प्राप्त सशर्त र निशर्त अनुदानमध्येबाट विषयगत कार्यक्रमलाई छुट्याउने रकम।

(घ) अन्य क्षेत्रबाट प्राप्त रकम।

(४) विषयगत क्षेत्रको सशर्त अनुदान सम्बन्धित स्थानीय निकायको परिषद्बाट स्वीकृत गरिएका आयोजना वा कार्यक्रमहरूको कार्यान्वयनमा मात्र खर्च गर्न पाईनेछ। यस सम्बन्धी खर्च गर्न सकिने क्षेत्रहरूको विवरण अनुसूची-२९ मा दिइएको छ।

(५) निक्षेपित निकायलाई उपलब्ध गराइने विषयगत सशर्त अनुदान नमुना कार्यक्रम सञ्चालन निर्देशिका २०६६ अनुसार कार्य सम्पादन गर्न सकिने छ।

## परिच्छेद – १२
## विविध

५७. **गाउँ विकास समिति र नगरपालिकालाई अनुदान दिनेसम्बन्धी व्यवस्था :** जिल्ला विकास समितिले ऐनको दफा २३० अनुसार जिल्ला विकास कोषबाट गाउँ विकास समिति र नगरपालिकालाई सशर्त वा निःशर्त अनुदान उपलब्ध गराउन सक्नेछ। यसरी अनुदान उपलब्ध गराउँदा सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाको जनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, आन्तरिक आम्दानी, विकासको स्तर आदिका आधारमा सूत्रबद्ध तरिकाले विनियोजन गर्नुपर्नेछ।

५८. **गैरसरकारी संस्थासम्बन्धी व्यवस्था :** (१) गैरसरकारी संस्थाले आफ्ना कार्यक्रम वा आयोजना वा स्रोत स्थानीयस्तरमा परिचालन गर्दा एउटा मात्र गाउँ विकास समितिमा भए सम्बन्धित गाउँ विकास समितिसँग, एकभन्दा बढी गाउँ विकास क्षेत्र वा नगर क्षेत्रमा भए सम्बन्धित जिल्ला विकास समितिसँग र नगरक्षेत्रको हकमा सम्बन्धित नगरपालिकासँग आँफूले गर्ने काम, कार्यस्थल र प्रवाह गर्ने रकम, कार्य सञ्चालन हुने अवधि, मुख्य उपलब्धी खुल्ने गरी अनुसूची-३० बमोजिम समझदारीपत्र तयार गरी समन्वयात्मक ढंगले कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) विकास साझेदारको सहयोगमा गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत् कार्यान्वयन हुने कार्यक्रमहरूमा पनि उपदफा (१) अनुसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गैरसरकारी संस्थाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा स्थानीय निकायबाट प्राथमिकरणमा परेका र सहभागितामूलक तवरबाट छनौट भई आएका कार्यक्रम वा आयोजना सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(४) गैरसरकारी संस्थाले स्थानीय स्तरमा स्रोत परिचालन गर्दा स्थानीय निकायसंग समझदारी गरी समन्वयात्मक र जवाफदेही ढंगबाट कार्यक्रम वा आयोजना सञ्चालन गर्नुपर्नेछ । यस्ता कार्यक्रम वा आयोजनाको स्थानीय निकायले प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

(५) गैरसरकारी संस्थाले गरेको कार्य प्रगति बारे चौमासिक र वार्षिक रूपमा सम्बन्धित स्थानीय निकायमा प्रगति समीक्षा गराउनु पर्नेछ ।

(६) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पारदर्शी र प्रतिस्पर्धी तवरबाट राष्ट्रिय वा स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्था छनौट गरी सो मार्फत सञ्चालन गर्नुपर्नेछ । साथै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सम्बन्धित जिल्ला विकास समितिबाट प्रारम्भिक स्वीकृती नलिइकन कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन गर्न पाउने छैनन् ।

(७) गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम संस्थाको दर्ता, नवीकरण, आयव्यय तथा लेखाको अद्यावधिक विवरण राखेको र बार्षिक रूपमा लेखा परीक्षण गराएको हुनुपर्दछ ।

(८) यस दफामा उल्खिलित शर्त पूरा नगर्ने गैरसरकारी संस्थालाई नवीकरणका लागि सिफारिश दिन जिल्ला विकास समिति बाध्य हुनेछैन ।

**५९. निर्देशनको पालना :** स्थानीय निकायले यस कार्यविधिका प्रावधानहरूको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरू, मन्त्रालयबाट गरिएका परिपत्र एवम् निर्देशन र न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिमा उल्लिखित प्रावधानहरूको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**६०. जिल्ला विकास समितिको भूमिका :** (१) जिल्ला विकास समितिको भूमिका मूलतः सहजकर्ता, नियामक, अनुगमन र मूल्याङ्कनकर्ताको रूपमा रहनेछ । कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा जिल्ला विकास समितिले आँफै नगरी सम्बन्धित विषयगत कार्यालय, गाउँ विकास समिति, नगरपालिका, गैर–सरकारी संस्था वा सामुदायिक संस्था मार्फत् गर्नु गराउन प्राथमिकता दिनु पर्नेछ ।

(२) तीन लाख वा सोभन्दा कम लागत अनुमान भएका भौतिक पूर्वाधार, विकास निर्माणसम्बन्धी कार्यक्रम वा आयोजनाहरूको कार्यान्वयन जिल्ला विकास समिति आफैले नगरी गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालय मार्फत गराउनु पर्नेछ । यसरी कार्यान्वयन गराउँदा सशर्त एवम् निःशर्त अनुदान, विषयगत क्षेत्रको सशर्त अनुदान तथा कार्यक्रम बजेटका माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६१. थपघट वा हेरफेर गर्न सक्ने :** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

६२. **खारेजी र बचाऊ** : (१) गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७, नगरपालिका अनुदान सञ्चालन कार्यविधि २०६७ र जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनुभन्दा अघि परिषद्बाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ । स्थानीय निकायका परिषद्बाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयनसम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नुपर्नेछ ।

(४) यस कार्यविधिका कुनै प्रावधानहरू प्रचलित कानून एवम् ऐन, नियमावली र आर्थिक प्रशासन नियमावली संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# अनुसुचीहरू